
राष्ट्र अप्ठ्यारोमा परेका बेला दलहरूबीच संवाद... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.

वर्ष २६ •अंक ४६ • २०८१ साल असार २० गते विहीबार (4 July, Thursday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-



# मधेश सरकार जनमतको शर्त

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय सत्ता गठबन्धनमा भारी फेरबदल भएको बखत जनमत पार्टीले मधेश प्रदेशमा सरकारको नेतृत्वलाई निरन्तरता दिए मात्र कांग्रेस-एमाले गठबन्धनलाई समर्थन गर्ने शर्त अघि सारेको छ।

जनमत पार्टीका केन्द्रीय प्रवक्ता डा.शरद सिंह यादवले मधेश प्रदेश सरकारमा कांग्रेस-एमाले गठबन्धनले सहयोग गरे केन्द्रीय गठबन्धनमा सहभागी हुने बताएको छ।

गत जेठको २५ गते मधेश प्रदेशमा एमाले, माओवादी, नेकपा एस, नेपाल संघीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीको समर्थनमा जनमत पार्टीका सभासद सतीशकुमार सिंहको नेतृत्वमा सरकार गठन भएको हो।

सरकारले आउँदो २२ गते शनिबार विश्वासको मत लिने अन्तिम दिन हो । मुख्यमन्त्री सिंहलाई विश्वासको मत लिन सो दिन बिहान ११ बजे प्रदेश सभाको बैठक बोलाइएको छ।

संघीय गठबन्धनलाई सहयोग गर्न जनमत पार्टीले शर्त राखे पनि कांग्रेस र एमालेबीच मधेश प्रदेशको सवालमा छलफल नभएको कांग्रेसका एकजना पदाधिकारीले बताए।



तर प्रवक्ता डा.यादवले जनमत पार्टीको प्राथमिकता मधेश सरकार भएकाले सोही अनुरूप केन्द्रमा सहमति हुने बताएका छन्।

'हाम्रो प्राथमिकता मधेस प्रदेश हो' उनले भने, मधेश सरकारमा सहयोग पाए हामी केन्द्रमा कांग्रेस-एमाले गठबन्धनलाई सहयोग गर्छौं।

सरकार गठन हुँदा मुख्यमन्त्री सिंहले ५४ जना सभासदको हस्ताक्षर पेश गरेका थिए। प्रदेश सभामा सरकारको नीति तथा कार्यक्रम पास भए पनि बजेट माथिको छलफल सुरु हुन सकेको छैन।

मुख्यमन्त्री सिंहले बजेटमा व्यापक त्रुटि रहेकोले पुनर्लेखन गरिने सार्वजनिक रुपमा नै बताएका छन् । विपक्षी दलहरुले बजेट पुनर्लेखन गर्दा समानुपातिक हुनुपर्नेमा जोड दिएका छन्। सरकारको विपक्षमा ५० जना सभासद रहेका छन्।

तर जनमतका प्रवक्ता डा. यादवले भने, 'लामो समयसम्म जसपासहितका पुराना दलले मधेशलाई बन्धक बनाएकाले जनमत सरकारले लोकप्रिय र जनसेवाको काम गरेर देखाउने छ।'

'हामी स्थायीत्वको पक्षधर हौं' उनले भने, 'हामीलाई सिंगो देशको विकास गर्नुछ। अहिले मधेसमा हाम्रो नेतृत्वमा सरकार छ।'

कांग्रेस-एमाले गठबन्धनसित प्रचण्ड बहुमत रहेको र लोसपा, राप्रपा, जसपा नेपालले समर्थन गर्ने जनाइसकेका छन्। मधेश प्रदेशमा पनि दुई दलको गठबन्धनसित ४६ सभासद रहेका छन्। लोसपा, जसपा नेपाल, जनमत मध्ये कुनै एउटाले मात्रै समर्थन गरे बहुमत पुग्ने अवस्था छ।

मधेश सरकारमा सहभागी एमालेका एकजना नेताले जनाए अनुसार जनमतको सरकारले विश्वासको मत पाउनेमा शंका छ।

## प्रचण्ड थप ३० दिन प्रधानमन्त्री रहने अडानमा

# एमालेले समर्थन फिर्ता लियो, मन्त्रीहरुद्वारा राजीनामा

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड' लाई समर्थन गर्ने ठूला दल नेकपा एमालेले साथ छाडेको छ। नेकपा एमालेले सरकारबाट समर्थन फिर्ता लिने बुधबार निर्णय गरेको छ।

प्रधानमन्त्री प्रचण्डले राजीनामा दिन तयार नभएपछि एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिँदै मन्त्रीहरुलाई राजीनामा गराएको छ।

प्रधानमन्त्री प्रचण्डलाई नयाँ राजनीतिक समिकरणबारे जानकारी गराएर मार्ग प्रशस्त गर्न आग्रह गरिए पनि उहाँले राजीनामा दिन तयार नभएपछि समर्थन फिर्ता लिने निर्णय गरेको एमालेका प्रमुख सचेतक महेश बर्तौलाले भने।

'हामीले राष्ट्रिय सरकार निर्माणमा सहयोग पुऱ्याउन प्रधानमन्त्रीलाई मार्गप्रशस्त गर्ने समय दिएका थियौँ' उनले भने, 'प्रधानमन्त्रीको राजीनामा नआएपछि समर्थन फिर्ता लिने निर्णयमा हामी पुग्यौं।'

मन्त्रीहरुले प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार पुगेर राजीनामा बुझाएका हुन्। वर्तमान सरकारमा एमालेबाट ८ जना मन्त्री थिए।

उपप्रधान तथा भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठ, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरी , कृषिमन्त्री ज्वालाकुमारी साह, भूमि व्यवस्था तथा



गरिबी निवारणमन्त्री बलराम अधिकारी, उद्योगमन्त्री दामोदर भण्डारी, महिलामन्त्री भगवती चौधरी, खानेपानी मन्त्री राजेन्द्र राई र रक्षामन्त्री हरिप्रसाद उप्रेतीले राजीनामा दिएका हुन्।

संविधानको धारा ७६ (२) अनुसार सरकार बनाउन आवश्यक बहुमत जुटिसकेको भन्दै एमाले र कांग्रेस दुवैले प्रधानमन्त्री प्रचण्डलाई पदबाट राजीनामा दिएर मार्ग प्रशस्त गर्न आग्रह गरेका छन्।

कांग्रेसको समर्थनमा केपी शर्मा ओली नयाँ प्रधानमन्त्री बन्ने सहमति भएपछि मंगलबार बसेको एमाले सचिवालय बैठकले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई राजीनामा गर्न सुझाव दिएको थियो।

सरकारबाट फिर्ता बोलाउनु अघि एमालेका अध्यक्ष केपी शर्मा ओलीले मन्त्रीहरुलाई आफ्नो बालकोट निवासमा बोलाएर सरकारबाट बाहिरिनका लागि बुधबार नै प्रधानमन्त्री प्रचण्डलाई राजीनामा बुझाउन निर्देशन दिएका थिए।

'नेपाली कांग्रेस र नेकपा (एमाले) बीच नेपालको संविधानको धारा ७६(२) बमोजिम अध्यक्ष ओलीको नेतृत्वमा सरकार गठन गर्न सहमति भई सकेकोमा प्रतिनिधि सभाको बहुमत स्पष्ट देखिएको अवस्थालाई दृष्टिगत गरी प्रधानमन्त्रीले राष्ट्रिय सहमतिको नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त गर्न उचित हुने यो बैठक ठहर गर्दछ,' कांग्रेसका मुख्यसचिव कृष्णप्रसाद पौडेलले भने।

तर प्रधानमन्त्री प्रचण्डले राजीनामा नगर्ने अडानमा छन् । उनले संसदमा विश्वासको मत लिने संवैधानिक अधिकार प्रयोग गर्ने माओवादी केन्द्रका नेताहरुले जनाएका छन्।

डेढ वर्षको कार्यकालमा प्रधानमन्त्री प्रचण्डले चौथो पटक विश्वासको मत लिइसकेका छन् । तीन पटक गठबन्धन फेरेका प्रचण्डले पाँचौ पटक विश्वासको मतमा पराजित हुने निश्चित छ। उनले माओवादीको ३२ जना र रास्वपाको २१ ज्ना गरी ५३ जनाको समर्थन मात्र पाउने सम्भावना छ।

प्रधानमन्त्री प्रचण्ड स्वयम्ले राजिनामा नदिएपछि उनले ३० दिन भित्र विश्वासको मत लिने संवैधानिक बाटोमा जाने छन् । त्यसबाट उनी थप ३० दिन प्रधानमन्त्री रहने छन्। तर प्रतिनिधि सभाको बैठक चालु रहेकाले प्रधानमन्त्रीलाई संसदमा अप्ठ्यारो हुनेछ।

सरकारबाट एमाले हटे पनि राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले साथ नछाडने जनाएको छ । प्रधानमन्त्री रहेसम्म सरकारबाट राजीनामा नगर्ने मनस्थितिमा रहेको नेताहरुले जनाएका छन्।

यता लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालले कांग्रेस-एमाले गठबन्धनको सरकारलाई समर्थन गर्ने निर्णय गरेको छ।






# आयल निगमको नयाँ भण्डारणगृह निर्माण हुँदै



भैरहवा । नेपाल आयल निगमले रुपन्देहीको रोहिणी खोला किनारमा पेट्रोलियम भण्डारणगृह निर्माण प्रक्रिया तीव्रगतिमा अघि बढाएको छ ।

ओमसतिया र रोहिणी गाउँपालिकाको सीमा क्षेत्रस्थित रोहिणी खोला किनारमा धमाधम तटबन्ध निर्माणसँगै जमिन सम्याइँदै छ । हालसम्म ७० प्रतिशत सम्पन्न भएको निर्माणमा संलग्न इन्जिनियर हीरामणि खनालले जानकारी दिनुभयो ।पछिल्लो ५० वर्षको बाढीको अवस्थालाई आकलन गरेर रोहिणी खोलामा तटबन्धको काम अघि बढाइएको उहाँले बताउनुभयो । निगमले भण्डारण निर्माण गर्न लागेको जग्गाको उत्तर र पश्चिममा रोहिणी खोला बगेको छ । उत्तरतर्फ 'रिटेनिङ वाल' लगाइएको छ भने पश्चिमतर्फ ग्याबिन पर्खाल लगाइएको छ ।

प्रारम्भिक चरणमा सातवटा 'प्याकेज' बनाएर बोलपत्र आह्वान गरिएको छ । काठमाडौँस्थित शुभश्री सर्वश्री जेभीले पहिलो र दोस्रो, वीरगञ्जस्थित उज्यालो निर्माण सेवाले तेस्रो तथा प्रिजन कन्ट्रक्सनले बाँकी चारवटा प्याकेजको ठेक्का पाएको छ । करिब आठ करोडमा ती ठेक्का लगाइएको हो ।

भण्डारणगृह निर्माणस्थलमा पर्खाल लगाउने र जमिन पुर्ने कार्य यही असार मसान्तभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । खोला किनारमा ग्याबिन लगाउँदा वर्षात्को पानीले अप्ठयारो पारेको इन्जिनियर खनालले बताउनुभयो । रोहिणी खोलाको समानान्तर सात मिटर उचाइको ग्याबिन पर्खाल र उत्तरतर्फ चार दशमलव पाँच मिटरको रिटेनिङ वाल लगाइनेछ ।

तटबन्ध निर्माण तथा जग्गा पुर्ने कामलाई निर्धारित समयभित्रै सम्पन्न गर्न दैनिक दुई सिफ्टमा काम भइरहेको छ । पहिलो सिफ्टमा बिहान ६ देखि ११ र दोस्रो सिफ्टमा साँझ ५ देखि ११ बजेसम्म निर्माणका काम चलिरहेको छ । ग्याबिन लगाउने तथा जग्गा पुर्ने काममा दैनिक दुई सय कामदार खटिइएका छन् ।

सातवटा प्याकेजमध्ये जमिन पुर्ने काम सुरुआती चरणमा रहेको छ । प्याकेज नं ४ र ५ अन्तर्गत ग्याबिन पर्खाल निर्माणको भौतिक प्रगति ७० प्रतिशत हाराहारी पुगेको उहाँले बताउनुभयो । प्याकेज नं ३ को भौतिक प्रगति न्यून छ । प्याकेज १ र २ को एउटै ठेकेदार भएकाले काम सुस्त भइरहेको इन्जिनियर खनाल भन्नुहुन्छ ।

रुपन्देहीको भलबारी डिपोको भण्डारण क्षमता कम भएको तथा बस्ती नजिक रहेकाले परासी-भैरहवा सडक खण्डमा खरिद गरिएको करिब १४ बिघा जग्गामा नयाँ भण्डारणगृह निर्माण गर्न लागिएको निगमले जनाएको छ । सो भण्डारणबाट लुम्बिनी प्रदेशको २० दिनको माग धान्नेछ । निगमले पेट्रोलियम पदार्थको भण्डारण क्षमता अभिवृद्धिका लागि देशका विभिन्न स्थानमा भण्डारणगृह निर्माण गर्दै आइएको छ ।

रु तीन अर्ब लागतमा भण्डारणगृह निर्माण गरिने भण्डारणगृह निर्माण परियोजनाका संयोजक इन्जिनियर प्रदीप यादवले जानकारी दिनुभयो । सो स्थानमा डिजेल भण्डारणका लागि दुई हजार एक सय किलोलिटर तीन, पेट्रोल भण्डारणका लागि एक हजार छ सय किलोलिटर दुई र मटितेल भण्डारणका लागि ७० किलोलिटरका तीनवटा ट्याङ्क निर्माण गरिनेछ ।

भण्डारणगृह निर्माण भएसँगै हालको भलबारी डिपो रोहिणी खोला किनारमा सर्नेछ । उहाँले असोजभित्र परियोजनाको 'डिजाइन' सम्पन्न गरिने जानकारी दिनुभयो । परियोजनाको डिजाइन काठमाडौँ विश्वविद्यालयले गरिरहेको छ । आगामी मङ्सिरमा भण्डारणगृह निर्माणको शिलान्यास गर्ने र विसं २०८३ भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य छ ।रासस

# आफ्नै पसल चोरीको अभिनय गर्दा ...



चितवन । बीमा रकमको लोभमा आफ्नै पसल लुटपाट भएको अभिनय गर्ने पसल सञ्चालकसहित पाँच जना पक्राउ परेका छन् । यही असार १ गते साँझ कालिका नगरपालिका वडा नम्बर ६ खोलेसिम लस्थित विनोद सुनचाँदी पसलमा लुटपाट गरेको आरोपमा पसलका सञ्चालकसहित पाँच जना मंगलबार पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालयले दिएको जानकारीअनुसार पक्राउ पर्नेमा विनोद सुनचाँदी पसलका सञ्चालक कालिका नगरपालिका-६ का ३५ वर्षीय विनोद सुनार, चोरी गर्न सहयोग गर्ने पसलका व्यवस्थापक कालिका नगरपालिका वडा नम्बर ७ का २५ वर्षीय विजय विश्वकर्मा, चोरी गर्ने म्याग्दी गाउँपालिका वडा नम्बर ७ का ५० वर्षीय पूर्णबहादुर विश्वकर्मा र बारागढी नगरपालिका वडा नम्बर ४ का १८ वर्षीय पवनकुमार पासवान एवं चोरी भएको सामान लुकाउन सहयोग गर्ने कालिका -६ का ४२ वर्षीय अञ्जना पुडासैनी केसी रहेका छन् ।

लुटपाटको मुख्य योजनाकार पसल सञ्चालक, चोरी गर्न सहयोग गर्ने र सामान लुकाउन सहयोग गर्ने व्यक्तिलाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ । केन्द्रीय अनुसन्धान ब्यूरोको सहयोगमा उनीहरुलाई पक्राउ गरिएको हो ।

पसल सञ्चालक विनोद स्वयम्ले झुटा चोरी तथा लुटपाट गर्ने योजना बनाई बीमा रकम ठगी तथा विभिन्न व्यक्तिबाट लिएको ऋण रकम चोरी भएको देखाइ जालसाजी गरी फाइदा लिने मनसायले लुटपाट गर्न लगाएको अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक भावेष रिमालले बताउनुभयो । बीमा दाबी गर्नका लागि पसल सञ्चालक आफैँले घटना गराएको प्रारम्भिक अनुसन्धानबाट खुलेको जनाउँदै उहाँले मोटरसाइकलमा चोरी गर्न आउने व्यक्तिलाई प्रलोभनमा पारेर घटना गराएको देखिएको बताउनुभयो ।

धारिलो हतियार खुकुरी र चक्कु घाँटीमा राखी डरत्रास देखाइ पसलबाट रु दुई करोड १७ लाख ५४ हजार चार सय १५ बराबरको सुनचाँदीका गहना चोरी भएको पसल सञ्चालकले दाबी गरेका थिए । चोरी भएको सुनको गुणस्तर परीक्षण हुन बाँकी छ । पक्राउ परेका माथि थप अनुसन्धान गर्न प्रहरीले चितवन जिल्ला अदालतबाट छ दिनको म्याद पाएको छ ।रासस

## नेकपा एस महाधिवेशनः
# १२ समूहका सुझाव पेस




काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को जारी १०औँ राष्ट्रिय महाधिवेशनका क्रममा राजनीतिक दस्तावेज, समाजवादी कार्यक्रम, विधान र साङ्गठनिक दस्तावेजमा आएका सुझाव बुधबार पेस भएको छ ।

बाह्र समूह बनाएर गरिएको छलफलबाट प्राप्त सुझाव बुधबारको बैठकमा पेस गर्ने कार्यसूची थियो । सम्बन्धित समूहका टोली नेताले सुझाव प्रस्तुत गरेपछि दस्तावेज परिमार्जनसहित अनुमोदन गरिनेछ ।

बुधबारै एक हजार आठ सय ४९ प्रतिनिधि छनोट गरिएको महाधिवेशनले दुई सय ९९ सदस्यीय कार्यसमिति निर्वाचित गर्ने कार्यक्रम छ ।एक हजार आठ सय ४९ प्रतिनिधिलाई विद्युतीय उपकरणबाट मतदानका लागि प्रशिक्षण दिइएको छ । शीर्ष नेतृत्वमा सहमतिको प्रयास भए पनि अन्य पदाधिकारी र सदस्यको निर्वाचन हुनेछ ।रासस

# विदेशी मुद्रासहित दम्पती पक्राउ


काठमाण्डु । अवैध रूपमा विदेशी मुद्रा बाह्य मुलुकतर्फ लैजान लागेको अवस्थामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दुई जना अमेरिकी नागरिक पक्राउ परेका छन् ।

इन्डिगो एयरको उडानबाट काठमाडौँबाट दिल्ली जान लागेका भारतीयमूलका ७० वर्षीय अमेरिकी नागरिक जयन्तीभाइ गोर्धनभाइ लिम्बाचिया र निजकी ६३ वर्षीया श्रीमती प्रतिमावेन जयन्तीभाइ लिम्बाचियालाई पक्राउ गरिएको हो ।

अभियुक्तहरूको साथबाट १९ हजार ५९ अमेरिकी डलर, आठ हजार नौ सय ६६ चिनियाँ युआन र ६० हजार दुई सय बरामद गरिएको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ । उनीहरूलाई राजस्व अनुसन्धान विभाग चलान गरिएको छ ।

यसैबीच कीर्तिपुर नगरपालिका-६ जाल्पादेवी मन्दिर क्षेत्रबाट लागुऔषध ब्राउनसुगर जस्तो देखिने ३४ ग्राम ४० मिलिग्राम पदार्थसहित दुई जनालाई पक्राउ गरिएको छ ।रासस

# विशेष आर्थिक क्षेत्रमा आकर्षित हुँदै उद्योगी



भैरहवा । भैरहवामा सञ्चालित विशेष आर्थिक क्षेत्र (सेज) मा उद्योगीहरु आकर्षित भएका छन् । विशेष आर्थिक क्षेत्र प्राधिकरणले सेजमा देखिएका समस्या समाधान गर्दै लैजाने र कानुन संशोधन गर्ने भएपछि उद्योगीहरु आकर्षित भएका हुन् ।

भैरहवाको विशेष आर्थिक क्षेत्रमा अहिले कुनै पनि प्लट खाली छैनन् । ५२ बिगाहामा रहेका ६९ वटा प्लट सबै भाडामा गइसकेको विशेष आर्थिक क्षेत्र प्राधिकरणका निमित्त कार्यकारी निर्देशक तुलसीराम मरासिनीले जानकारी दिनुभयो ।

अहिले सेजमा शक्ति मिनरल्स प्रालि, विस्तार ग्लोबल प्रालि, तिरुपति मेटल प्रालि, ब्रिलियन्ट लाइटिङ इन्डष्ट्री, पञ्चकन्या एसएस प्रालि, यस प्लास्टिक प्रोडक्ट, जय बुद्ध मेटल क्राफ्ट र हिमालयन ग्रेनाइट गरी आठ उद्योग सञ्चालनमा छन् ।

इको नेपाल इनर्जी प्रालि, आर्शी इन्डष्ट्रिज र स्पर्ट इलेक्ट्रोनिक इन्डष्ट्रिज निर्माणका चरणमा छन् । यसबाहेक मिशाख शेख, लार्के हिमाल जडीबुटी प्रालि, ह्वाइट माउन्टेन माइनिङ प्रालि, दीपेश चालिसे, राहुल जैन, तान्याएग्रो प्रालि र डाटा वर्ल्ड प्रालिले भैरहवा सेजसँग सम्झौता गरेका छन् ।

महङ्गो भाडा, सीमामा निर्यातका कठिनाइ, उद्योगलाई कर्जालगायतका समस्या सेजमा रहेका उद्योगीहरुको गुनासो छ । उक्त गुनासो सरकारले सम्बोधन गर्दै लगेको निमित्त कार्यकारी निर्देशक मरासिनीको भनाइ छ ।

विशेष आर्थिक क्षेत्र ऐन, २०७३ मा सेजमा स्थापना भएका उद्योगबाट उत्पादित कम्तीमा साठी प्रतिशत वस्तु वा सेवा निर्यात गर्नुपर्ने व्यवस्था रहेको थियो । लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशबमोजिम सो प्रावधानलाई संशोधन गरी उत्पादन सुरु गरेको मितिले चार वर्षसम्म, उत्पादनको कम्तीमा १५ प्रतिशत र त्यसपछिका वर्षमा उत्पादनको ३० प्रतिशत वस्तु तथा सेवा निर्यात गर्नुपर्ने व्यवस्था राखिएको छ ।

उपदफा (२) मा सेजमा स्थापित उद्योग सञ्चालनमा आएको मितिले एक वर्षभित्र त्यस्तो उद्योगबाट उत्पादन गरेको वस्तु वा सेवा नेपालको आन्तरिक बजारमा बिक्री गर्नसक्ने प्रावधानलाई तीन वर्ष बनाइएको मरासिनीले बताउनुभयो । सुरुमा अनुमतिपत्र लिई वा दर्ता भई सञ्चालनमा रहेको उद्योगको लगानीकर्ताले उद्योग सेजमा स्थानान्तरण गरी उद्योग सञ्चालन गर्न नसक्ने र प्रयोगमा ल्याइसकेका मेसिन, औजार वा उपकरण सेजमा प्रयोग वा हस्तान्तरण गर्न नसकिने व्यवस्था थियो । हाल उक्त व्यवस्था संशोधन गरी सेजमा उद्योग स्थानान्तरण गरी सञ्चालन गर्न सकिने व्यवस्था छ ।

उद्योगीहरुले सेजमा उद्योग स्थापना गर्न प्राधिकरणले विभिन्न सहुलियत दिनुपर्ने बताएका छन् । सेजको भाडा सुरुमा प्रतिवर्गमिटर रु एक सय ५० तोकिएकामा अहिले परिमार्जन गरी रु २० तोकिएको छ ।

उद्योगीहरुले यो शुल्क पनि महङ्गो भएको गुनासो गरेपछि पुनः रु १० मा झार्ने तयारी प्राधिकरणले गरेको छ ।मरासिनीले सेज नाफा कमाउन नभई नेपालमा रहेका उद्योगीलाई अधिकतम अवसर प्रदान गर्ने उद्देश्यले खोलिएको बताउनुभयो । यसका लागि उद्योगीहरुलाई आवश्यक वातावरण मिलाउन प्राधिकरणले अधिकतम लचकता अपनाउने उहाँको जिकिर छ ।

आर्थिक वर्ष २०७६/७७ मा सेजबाट रु १४ करोड ८० लाखको निर्यात बिक्री, रु पाँच करोड ६४ लाखको आन्तरिक बिक्री गरी रु २० करोड ४४ लाखको बिक्री गरेको थियो । त्यसैगरी, आर्थिक वर्ष २०७७/७८ मा रु ८५ करोड ४७ लाखको निर्यात तथा रु १८ करोड तीन लाखको आन्तरिक गरी रु एक अर्ब तीन करोड ५० लाख, आव ०७८/७९ मा ४२ करोड २४ लाख निर्यात ३० करोड ६६ लाखको आन्तरिक गरी रु ७२ करोड ९० लाखको बिक्री भएको छ ।

आव २०७९/८० मा रु ४५ करोड ४१ लाखको निर्यात, रु ३८ करोड ७९ लाखको आन्तरिक गरी रु ८४ करोड ५९ लाखको बिक्री गरेको सेजले चालु आवमामा ५३ करोड नौ लाखको निर्यात तथा २८ करोड ५० लाख आन्तरिक गरी रु ८१ करोड ५९ लाखको बिक्री गरेको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ ।सेज सहज रुपमा सञ्चालन गर्ने विषयमा आर्थिक क्षेत्र प्राधिकरणले बुधबार भैरहवामा अन्तरक्रिया गरेको छ । उक्त अन्तरक्रियामा उद्योगीहरुले उद्योग सुरु गर्दा पाएको आश्वासन पूरा नभएको भन्दै गुनासो गरेका थिए ।

सेजको मूल मर्म एकद्वार प्रणाली अहिलेसम्म लागू नभएकाले उद्योगीहरुले यसको सहजीकरण गर्न प्राधिकरणलाई आग्रह गरे ।

अन्तरक्रियामा सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष ठाकुर कुमार श्रेष्ठले सेजमा अहिले पनि बाहिरभन्दा जग्गा भाडा महङ्गो रहेको बताउनुभयो । सेजमा आवश्यक आधारभूत खानेपानी, विद्युत्, सरसफाइलगायत समस्या पनि रहेको उद्योगीको भनाइ थियो ।रासस

# व्यवसायी भट्टको निधनप्रति महासंघद्वारा दुःख व्यक्त



काठमाण्डु । नेपाल निर्माण व्यवसायी महासङ्घले डडेल्धुराका एक व्यवसायीको दुःखद् निधन भएप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

महासङ्घले बुधबार एक विज्ञप्ति जारी गर्दै काम गरेवापत रकम भुक्तानी नपाएकै कारण जिल्ला निर्माण व्यवसायी सङ्घ डडेल्धुराका कार्यसमिति सदस्य डम्बरदेव भट्ट (सन्तोष) को असार १५ गते धनगढीमा उपचारका क्रममा निधन भएको जनाएको छ ।

अमरगढी नगरपालिका-५ निवासी भट्टलाई घर नजिकैको जङ्गलमा घाइते अवस्थामा फेला पारिएपछि स्थानीय अस्पतालमा प्रारम्भिक उपचारपश्चात् थप उपचारका लागि धनगढीस्थित सेती प्रादेशिक अस्पताल ल्याइएकामा उपचारका क्रममा निधन भएको थियो । स्थानीय पूर्वाधार विकास आयोजना कार्यालयअन्तर्गतका ठेक्काहरूको भुक्तानी नआएपछि भट्टले आफू ठूलो आर्थिक समस्यामा परेको निकटस्थलाई बताएको विज्ञप्तिमा उल्लेख छ । "व्यवसायीको ठूलो रकम भुक्तानी नहुँदा उनीहरूले मानसिकरुपमा विक्षिप्त भई 'आत्मदाह' गर्नसक्ने अत्यन्त विषम परिस्थितितर्फ यस महासङ्घले विगत केही महिनाअघिदेखि नै सरोकार भएका निकायको ध्यानाकर्षण गराए पनि हालसम्म कुनै सुनुवाइ नभएको विदितै छ । त्यसै कारण डडेल्धुरामा एक व्यवसायीको दुःखद निधन भएको छ, यसमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ", विज्ञप्तिमा उल्लेख छ ।

महासङ्घका अनुसार करिब रु ४० अर्बभन्दा बढी भुक्तानी नपाएर व्यवसायीहरू समस्यामा परेका छन् । आर्थिक वर्ष समाप्त हुन लाग्दासमेत व्यवसायीले भुक्तानी पाउने अवस्था नरहेकाले तत्काल भुक्तानीका लागि तदारुकता देखाउन सरकारसमक्ष महासङ्घको माग छ ।महासङ्घले व्यवसायी भट्टप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकमा रहेका परिवारजनप्रति समवेदना प्रकटगरी घटनाको निष्पक्ष र सत्यतथ्य छानविन गर्नसमेत माग गरेको छ ।रासस

## स्कारपियो हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला रौतहट मत्सरी गा.वि.स. वडा नं. ९ मा आफ्नो काकाको घर अगाडि Parking गरिराखेको अवस्थाबाट मिति २०८०/०३/१२ गते बागमती प्रदेश ०१०२६ च ५८६४ नम्बरको सेतो रंगको ईन्जिन नं. WRJUA14185 चेचिस नम्बर MA1TA2WR2J2A16359 को महिन्द्रा कम्पनीको स्कारपियो जीप हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।


**नामः राजेश कुमार झा**
**ठेगानाः दुर्गा भगवती गा.पा., वडा नं. ३**
**मो. नं. ९८१७८८६४२५**

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथून | : नयाँ कार्य हुने । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : प्रतिभा सम्पन्नता । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : पारिवाहिक सुख । |
| बृश्चिक | : धन वृद्धि सञ्चय । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |

| | |
|---|---|
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरीको **गौशाला नगरपालिका** वडा नम्बर १० का किसान मेशिनको सहायताले चैते धान झार्दै । आधुनिक प्रविधि भित्रिएपछि खेती गर्न किसानलाई सजिलो भएको छ । *तस्बिरः रासस*

# लागू औषधसहित दुई जना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । ठूलो परिमाणमा प्रतिबन्धित लागू औषध नशालु इन्जेक्सनसहित दुई जना भारतीय नागरिकलाई रौतहट सशस्त्र प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारत बिहार सीतामढी जिल्ला बखरी ग्राम पञ्चायत ४ राघोपुरका २० वर्षीय रोशन कुमार र सोही ठाउँका १८ वर्षीय अमीत कुमार रहेको सशस्त्र प्रहरी ११ नम्बर हेक्वा रौतहटका प्रहरी नायब उपरीक्षक गेहेन्द्र भण्डारीले जानकारी दिए।

गएराति ९ बजेको समयमा गौरबाट चन्द्रनिगाहपुर तर्फ जाँदै गरेको ना १ज ७१०९ नम्बरको म्याजिक गाडी चेक जाँच गर्दा दुवैजनाले सिट मुनी लुकाइराखेको प्रतिबन्धित नोरफिन इन्जेक्सन २



९९ एमपुल, प्रोमेथाजिन इन्जेक्सन २९९ एमपुल र डाईजीपाम ३०० एमपुल गरी कुल ८९८ थान नशालु इन्जेक्सन बरामद गरिएको सशस्त्र प्रहरी रौतहटका प्रहरी उपरीक्षक विक्रम हुमागाईंले बताए । बरामद गरिएको सो नशालु इन्जेक्सन सहित पक्राउ परेका दुवै जनालाई आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय रौतहटमा बुझाइएको जनाइएको छ।

# टिआरसी विधेयकमा सहमति जुटाउन कार्यदलको बैठक

काठमाण्डु । सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक (टिआरसी)मा नमिलेका विषयमा सहमति खोज्न गठित कार्यदलले प्रारम्भिक छलफल सुरु गरेको छ।

सिंहदरबारमा बुधबार बसेको कार्यदलको पहिलो बैठकले विधेयकमा विमतिका विषयबारे सहमति जुटाउन छलफल अगाडि बढाएको कार्यदलका सदस्य महेश वर्तौलाले जानकारी दिनुभयो। बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयकमा रहेका विमतिबारे छलफल भएको उहाँले बताउनुभयो। "विधेयकमा सहमति जुटाउनेगरी छलफल सुरु गरेका छौँ। बुधबार विशेषगरी मानवअधिकारको गम्भीर उल्लङ्घन, हत्याको परिभाषा, सशस्त्र द्वन्द्वका क्रममा भएका घटना र प्रभावित व्यक्ति तथा महान्यायाधीवक्ताले गम्भीर मानवअधिकार उल्लङ्घनका विषयमा गर्ने मागदाबीलगायत चार विषयमा सहमतिमा छलफल भएको हो। चाँडै असमतिका विषयलाई निष्कर्षमा पुऱ्याउँछौँ", वर्तौलाले भन्नुभयो।

कार्यदल सदस्य रमेश लेखकले टिआरसी विधेयकमा सहमति जुटाउन बैठकमा सकारात्मक छलफल भएको बताउनुभयो। अर्का सदस्य जनार्दन शर्माले बुधबारको छलफल सकारात्मक ढङ्गले अगाडि बढेकाले चाँडै असहमतिबारे चाँडै टुङ्गोमा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकमा नमिलेका विषयमा सहमतिका लागि केही दिनअघि सहजीकरण कार्यदल गठन गरिएको थियो। प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)का शीर्ष नेताको सहमतिमा कार्यदल गठन गरिएको हो। कार्यदलमा कांग्रेसबाट लेखक, एमालेबाट वर्तौला र माओवादीबाट शर्मा सदस्य हुनुहुन्छ। कार्यदलले यसअघिको मस्यौदामा भएका असहमतिका चार बुँदामा छलफलगरी साझा धारणा बनाउने छ।रासस



# नेपालमा पहिलोपटक एआईको प्रयोगसम्बन्धी अवधारणापत्र तयार

काठमाण्डु । सरकारले पहिलोपटक आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को प्रयोग तथा अभ्याससम्बन्धी अवधारणापत्र तयार गरेको छ। विश्वव्यापी रुपमा एआईको विकास र प्रयोग बढ्दै गए पनि नेपालमा कुनै नीति र कानुन नभएकाले यससम्बन्धी आवश्यक नीति र कानुन निर्माणको आधार तय गर्न सरकारले अवधारणापत्र तयार गरेको हो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गठन गरेको प्राविधिक समितिले झण्डै पाँच महिना लामो अध्ययनपछि अवधारणापत्र तयार गरेको हो। सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माको निर्देशानुसार मन्त्रालयले सहसचिव अनिलकुमार दत्तको संयोजकत्वमा पाँच सदस्यीय प्राविधिक समिति गठन गरेको थियो।

समितिका सदस्य मन्त्रालयका उपसचिव नारायण तिमिल्सिना, सूचना प्रविधि विभागका सूचना प्रविधि निर्देशक पवित्र डङ्गोल, इञ्जिनीयरिङ अध्ययन संस्थानका उपप्राध्यापक डा बाबुराम दवाडी र सदस्य सचिवमा मन्त्रालयका कम्प्युटर इञ्जिनीयर सूर्यप्रकाश उपाध्याय रहनुभएको थियो। गत माघ ५ गते गठित समितिले अवधारणापत्रसम्बन्धी प्रतिवेदन तयार पारेर मन्त्रालयमा पेस गरेको छ। प्रतिवेदनले एआईको विकास, प्रयोग र नियमनका लागि सरकारले आवश्यक नीति, कानुन र कार्यविधि बनाउनुपर्ने सुझाव दिएको छ।

साइबर सुरक्षा, डाटा सुरक्षण र गोपनीयताका विषयलाई नीतिगत तहमा सम्बोधन गर्नुपर्ने आवश्यकता औँल्याउँदै प्रतिवेदनले एआईसम्बन्धी राष्ट्रिय नीतिको तर्जुमा, राष्ट्रिय रणनीतिको निर्माण, कानुनी आधारसहित डाटा सुरक्षण रुपरेखा, एआईको प्रयोग र प्रयोगकर्ताको गोपनीयता तथा सुरक्षण समेटिएका नीति र कानुनको अन्तर्राष्ट्रिय मापदण्डसँग अनुकूलन हुने गरी मानक निर्धारण गर्नुपर्ने सुझाव दिएको छ।

प्रतिवेदनले एकीकृत राष्ट्रिय पोर्टलको विकास गरी एआईसम्बन्धी सूचना आदानप्रदान गर्न एकीकृत संरचनाको निर्माण गर्नुपर्ने, यस विषयमा अनुसन्धान, विकास र उपयोगलाई




प्राथमिकताका साथ अघि बढाउनुपर्ने, एआईको प्रयोगमा गति प्रदान गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, यसको रुपान्तरणकारी प्रकृतिलाई आर्थिक सामाजिक विकासमा उपभोग गर्न राष्ट्रिय परियोजना एवं क्षेत्रगत पहलको विकास गर्नुपर्ने सुझाव दिइएको मन्त्रालयका उपसचिव एवं अवधारणापत्र तयारी प्राविधिक समितिका सदस्य तिमिल्सिनाले जानकारी दिनुभयो।

"गोपनीयता संरक्षण, पारदर्शीता र जवाफदेहिताको प्रवर्द्धन, एआई प्रयोगको विकास र प्रवर्द्धनलगायत विषयमा अनुसन्धान, लगानी र सहकार्यलाई वृद्धि गर्ने रणनीति लिनुपर्ने देखिन्छ", प्रतिवेदनमा भनिएको छ, "यसका लागि सम्बन्धित क्षेत्रले आफ्नो नीति, रणनीति र कार्यक्रममा एआई प्रयोगको विकास र प्रवर्द्धनलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ।"

विद्यमान जनशक्तिको पहिचान गरी उनीहरुको क्षमता वृद्धि गर्नुपर्नेमा जोड दिँदै सार्वजनिक र निजी क्षेत्रमा दक्षजनशक्तिको उपलब्धता पश्चात् एआई विकास, प्रयोग र प्रवर्द्धनलाई गति दिन सकिने भएकाले यस क्षेत्रमा मानव पुँजी निर्माणमा सबैको ध्यान जानुपर्ने सुझाव प्रतिवेदनमार्फत दिइएको समितिका सदस्य तिमिल्सिनाले बताउनुभयो।

रोग निवारण र उपचार, वित्तीय सेवा र विश्लेषण, निर्माण तथा उत्पादन, शिक्षा र विकास, सञ्चार र अनुभव सुधार, साङ्गठनिक प्रबन्धन, सरकारी सेवा, सामाजिक सुरक्षा, खेलकूद, अनुसन्धान र विकास, कृषि, पर्यटनलगायत क्षेत्रमा एआईको प्रयोग गर्नुपर्ने सुझाव प्रतिवेदनमार्फत दिइएको उहाँको भनाइ छ।

"नेपालमा आर्टिफिसियल इन्टेलिजेन्स विकासको वर्तमान ई-कोसिस्टमको अवस्था, प्रवर्द्धनका सम्भावित क्षेत्रहरु, अनुसन्धान र विकासको क्षमता, कार्ययोजनाको मूल्याङ्कन गर्नुपर्ने हुन्छ", प्रतिवेदनमा भनिएको छ, "राष्ट्रिय रणनीतिले स्वास्थ्य सेवा, कृषि, शिक्षा, स्मार्ट सहर एवं पूर्वाधार, स्मार्ट मोलिलिटी र यातायातलगायत प्रमुख क्षेत्रहरु निर्धारण गरी उक्त विषयमा भावी कार्ययोजना तय गर्नुपर्दछ।"

एआईसम्बन्धी रणनीतिले डाटा र डिजिटल पूर्वाधार, एआई 'स्टार्टअप'लाई गति दिन आर्थिक तथा वित्तीय व्यवस्था, अनुसन्धान र विकास, नैतिकता, डाटा गोपनीयता, सुरक्षा र नियमन, जनशक्तिलाई सीप र क्षमता वृद्धि, प्रविधिको औद्योगिकीकरण तथा क्षेत्रगत पहल समेट्नुपर्ने प्रतिवेदनको सुझाव छ।

प्राविधिक समितिले एआईको पृष्ठभूमि, अवधारणा, एआई इकोसिष्टम, यसका आधार भूत सिद्धान्त, दृष्टिकोण, उद्देश्य, विद्यमान अवस्था, नीतिगत व्यवस्था, संस्थागत एवं प्रयोगको अवस्था, अन्तर्राष्ट्रिय अभ्यास र रणनीतिलगायत क्षेत्रमा अध्ययन गरेर नेपालले लिनुपर्ने आगामी कार्यदिशा तथा योजना तर्जुमाका विषय प्रतिवेदनमा समेटिएको उपसचिव तिमिल्सिनाले जानकारी दिनुभयो।

उहाँका अनुसार युरोपेली युनियन, संयुक्त राष्ट्रसङ्घ, नर्डिक-बाल्टिक क्षेत्र, यूएई, भारत, अर्जेन्टिना, अष्ट्रेलिया, ब्राजिल, क्यानडा, चिली, चीन, डेनमार्क, फिनल्याण्ड, फ्रान्स, जर्मनी, इटाली, सिङ्गापुर, दक्षिण कोरियालगायतले जारी गरेका एआई प्रयोगसम्बन्धी रणनीतिको अध्ययन गरी प्रतिवेदनमा तुलनात्मक विश्लेषण समावेश गरिएको छ।रासस

# परिपक्व पत्रकारिताका लागि सम्पादकीय स्वतन्त्रता आवश्यक'

काठमाण्डु। प्रेस काउन्सिल नेपालले परिपक्व पत्रकारिताका लागि सञ्चारमाध्यममा सम्पादकीय स्वतन्त्रता प्रदान गरिनुपर्ने आवश्यकता औँल्याएको छ।

काउन्सिलद्वारा बुधबार आयोजित 'समाचार सम्पादनमा पत्रकार आचारसंहिताको सवाल' विषयक अन्तरक्रियामा पत्रकारिताको महत्व र आकर्षण कायम राख्न सूचना तथा समाचार छुट्याएर सम्प्रेषण गर्न सक्नुपर्नेमा जोड दिइयो।

काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले मर्यादित र विश्वसनीय पत्रकारिताका लागि प्रत्येक सञ्चारगृहले आ-आफ्नो आचारसंहिता लागू गर्नसक्ने गुणस्तरीय बनाउन समाचारमा सम्पादकीय सीप झल्कनुपर्ने सुझाव दिनुभयो। उहाँले समाचार सामग्रीलाई सम्प्रेषणयोग्य बनाउनाका साथै सम्पादकले तत्काल सामाग्री जुटाउने, योजना बनाउने, सहयोग र समन्वय गर्ने क्षमता तथा सक्रियामा पनि ध्यान दिनुपर्ने बताउनुभयो।

"हामीले दिएका तथ्य र सूचना गलत भएमा न्याय पनि मर्नसक्ने भएकाले स्रोत उल्लेख र पुस्ट्याइँलाई पनि विशेष ध्यान दिनुपर्ने आवश्यकता छ। यसमा सम्पादक र सञ्चारमाध्यम गम्भीर बन्नुपर्छ", अध्यक्ष पोखरेलले भन्नुभयो।

काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसालले आचारसंहिता



बताउनुभयो। उहाँले भन्नुभयो, "समाचारकक्षमा सम्पादकीय स्वतन्त्रता हुनुपर्छ। बजारमा सूचनाको बाढी छ तर ती सबै सूचना समाचार होइनन्। यसमा ध्यान दिन पत्रपत्रिकालगायत परम्परागत सञ्चारमाध्यमलाई जोगाई राख्न प्रविधिमैत्री बनाउनुपर्छ।"शेयर बजार र आर्थिक गतिविधिसँग जोडिएका विषयलाई विशेष रूपमा अध्ययन गर्ने बताउँदै उहाँले पत्रकारिता क्षेत्रलाई सशक्त बनाउन काउन्सिल क्रियाशील रहेको जानकारी दिनुभयो।

**नेपाल पत्रकार महासंघका** अध्यक्ष विपुल पोखरेलले समाचारकक्षमा आउने सूचनालाई पालनामा र पत्रकारको क्षमता अभिवृद्धि गर्ने/गराउन मिडियालाई सुझाव दिनुभयो। कार्यक्रममा विभिन्न सञ्चारमाध्यमको सम्पादन शाखामा कार्यरत पत्रकारले समाचार सत्यतथ्यमा आधारित हुनपर्ने तथा दिइएका सामग्री भरसक गलत हुन नदिन आफूहरु सचेत रहेको बताउनुभयो।

**सही सूचना प्रवाह गर्ने**

समाचारकक्षमा कार्यरत व्यक्तिको भूमिका पर्दा पछाडिका खेलाडीजस्तै हुने भन्दै उहाँहरुले रहने सम्पादकको समयसापेक्ष क्षमता विकासमा सञ्चारमाध्यम र सरोकार भएका निकायले ध्यानदिनुपर्ने बताउनुभयो।रासस

आयो करे यात्रा मंगलमय चारो धाम की
यहि मिति २०८१/३/२१ गते शुक्रवार ५ तारिखका दिन २×२ लकजरी भिडियो कोच बस खुल्ने जा रहि हैं।
विशेष यात्रा सेवा। शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरूक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्ग्रा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस।




टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे।



प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४७३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)

# पत्रकारितामा कक्षाकोठा र समाचार कक्षलाई जोड्ने विषयमा विमर्श

काठमाण्डु। 'पढेर होइन परेर जानिन्छ' भन्ने उखान नै छ। पत्रकारिता पढेर मात्र होइन अभ्यास गरेर सिकिने क्षेत्र हो। सूचना प्रविधिको विकाससँगै आमसञ्चार क्षेत्रमा पनि त्यसको प्रभाव परेको छ भने नयाँ आयाम विकास हुँदै गएका छन्।

सामाजिक सञ्जालको व्यापकताले नागरिक पत्रकारिताको अभ्यास पनि प्रारम्भ भएको छ। परम्परागत पत्रकारिताका यी चुनौतीका बीच विभिन्न विश्वविद्यालय र अध्ययन प्रतिष्ठानमा पत्रकारिता तथा आमसञ्चार अध्ययन गर्ने विद्यार्थी र मूल प्रवाहका सञ्चारमाध्यमबीच कसरी अन्तरसम्बन्ध स्थापना गर्ने बहस पनि हुँदै आएका छन्।मुलुकको एकमात्र र आधिकारिक समाचार समितिका रूपमा २०१८ सालदेखि अविछिन्न समाचार सङ्कलन सम्प्रेषण गर्दै आएको राष्ट्रिय समाचार समिति (रासस)को केन्द्रीय कार्यालयमा आज यस्तै सवालमा राससका व्यवस्थापक, अग्रज राससकर्मी, पत्रकारिताका शिक्षक र विद्यार्थीबीच विमर्श भएको छ।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा, त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका प्रमुख डा कुन्दन अर्याल, उपप्राध्यापकहरु डा देवराज अर्याल, शशी मरासिनीसहित स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी र राससकर्मीलाई छलफलमा ल्याउने सेतुको माध्यम गणतन्त्र दिवसका अवसरमा राससद्वारा आयोजित 'गणतन्त्रका उपलब्धिः समृद्धिका लागि पूर्वाधार' शीर्षकको तस्बिर प्रदर्शनीले गरेको थियो।


> राससका महाप्रबन्धक सिद्धराज राईले राससमा पत्रकार भएर काम गर्ने पर्याप्त अवसर भएको र जिम्मेवारी पाउनेहरूले त्यसको सदुपयोग गर्न सक्नुपर्नेमा जोड दिनुभयो ।

राससले कसरी नियमित रूपमा समाचार र समाचारमूलक अन्य सामग्री सङ्कलन-सम्प्रेषण गर्दै आएको छ, यसले पत्रकारिताका विद्यार्थीलाई कसरी प्रोत्साहन गर्न सक्छ भन्नेमा चासो व्यक्त गरेका थिए। जिज्ञासु प्रशिक्षार्थीका प्रश्नको जवाफ रासस व्यवस्थापनका तर्फबाट समाचारकक्ष र पत्रकारिताका कक्षालाई जोड्न सकिएमात्रै पत्रकारितामा व्यावसायिकता प्रदर्शित हुने स्पष्ट गरिएको थियो।

छलफलमा समाचारका विषयवस्तुको उठान, राजनीतिक प्रभाव र हस्तक्षेप, विकास पत्रकारिता, नवीन प्रविधिको प्रयोग र सामाजिक सञ्जालका चुनौती एवं अवसरका विषयमा चिन्तनमनन भएको थियो। त्यस क्रममा राससका कार्यकारी अध्यक्ष झाले समाचार समितिका रूपमा राससले निर्वाह गर्दै आएको भूमिकाबारे जानकारी दिँदै नेपाली पत्रकारितामा शिक्षित जनशक्तिको आवश्यकता रहेको औँल्याउनुभयो।

राससका महाप्रबन्धक सिद्धराज राईले राससमा पत्रकार भएर काम गर्ने पर्याप्त अवसर भएको र जिम्मेवारी पाउनेहरूले त्यसको सदुपयोग गर्न सक्नुपर्नेमा जोड दिनुभयो।राससका प्रमुख समाचारदाता एकराज पाठकले पछिल्लो समय शैलीगत रूपमा पनि पत्रकारिताका फरक आयामलाई समेट्दै अघि बढ्नुको विकल्प नभएको बताउनुभयो।

पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका प्रमुख डा अर्यालले तस्बिर प्रदर्शनीको अवलोकनपछि राससलाई प्रतिक्रिया दिँदै जनसहभागितामूलक विकास-निर्माणमा पत्रकारिताको भूमिका राससले तस्बिर प्रदर्शनीले उजागर गरेको बताउनुभयो। उहाँले विकासको वास्तविक अवस्थाबारे जनतालाई जानकारी दिन र त्यसमा जनसहभागिता बढाउन पत्रकारिताका सबै आयामको अभ्यास अनिवार्य भएकामा जोड दिनुभयो। विद्यालय निर्माणदेखि भूकम्पपछिको पुनःनिर्माणसम्मका विकासका गतिविधिको झलक फोटो प्रदर्शनीले दिएको उहाँको भनाइ थियो।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# पूर्वाग्रही सरकार

मधेश प्रदेश शिक्षामा अत्यन्त पिछडिएको छ । विभिन्न तथ्यांकहरुले शिक्षामा मधेश प्रदेश पछाडि परेको देखिन्छ । त्यो तथ्यांक मात्र नभई ययार्थ पनि हो । मधेश प्रदेशका नागरिक शिक्षालाई भन्दा वैदेशिक रोजगारीलाई प्राथमिकतामा राखेका छन् । शिक्षा आर्जन गरे पनि विदेशिनु पर्ने बाध्यता रहेको बुझाइलाई मधेश प्रदेशमा कम गर्न सकिएको छैन । विदेशमा नै जाँदा पनि सीप सिकेका अथवा प्राविधिक र व्यवसायिक विषय अध्यन गर्नेहरुको तुलनामा अदक्ष र साक्षर कामदारले निकै कम पारिश्रमिक पाउँछन् । मधेश प्रदेशमा प्राविधिक शिक्षामा जोड दिँदै जनता समाजवादी पार्टी(जसपा) नेपालका विगतको सरकारले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान र मधेश कृषि विश्वविद्यालय स्थापना गरेका थिए । ती दुवै विश्वविद्यालयले कक्षा अध्यापनको कार्यलाई अगाडि बढाउँदै लगेको छ । सिमित साधन र स्रोतबाट स्थापित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान र कृषि विश्वविद्यालयले प्रारम्भ गरिसकेको कार्यलाई प्रदेश सरकारले थप सहयोग गर्नु पर्ने छ । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्नातक स्तरको एमबीबीएस अध्यापनको कार्यलाई अगाडि बढाइसकेको छ । सम्भवतः यसै शैक्षिक सत्रदेखि कक्षा प्रारम्भ हुनेछ । मधेश कृषि विश्वविद्यालयले पनि दोस्रो वर्षमा विद्यार्थी भर्ना गरिसकेको छ । उपकुलपति, रजिष्ट्रार समेत ८ जना कर्मचारी रहेको विश्वविद्यालयमा व्यवस्थित र नियमित रुपमा कक्षा सञ्चालन हुनु अत्यन्त प्रशंसनीय कार्य हो । मधेश प्रदेश सरकारले त्यसलाई प्रोत्साहन गर्न आवश्यक छ । मधेशमा हाल जनमत पार्टी नेतृत्वको सरकार छ । जनमत पार्टीका अध्यक्ष डा.सी के राउत उच्च शिक्षा आर्जन गरी विदेशमा समेत नाम कमाएका छन् । उनले स्थापना गरेको पार्टीले शिक्षालाइ उच्च प्राथमिकतामा राख्नु पर्ने हो । तर उनकै पार्टी नेतृत्वको सरकार अत्यन्त पूर्वाग्रही देखिएको छ । मधेश कृषि विश्वविद्यालयको भवन शिलान्यास गर्न नपाएको झोँकमा डा.राउतले नेतृत्व गरिरहेको जनमत पार्टी नेतृत्वको सरकारले मधेश कृषि विश्वविद्यालयका लागि १० लाख रुपैयाँ बजेट छुट्ट्याएको छ । कृषि विश्वविद्यालयले अगाडि बढाएका कामकाजहरुलाई शिक्षा मन्त्रालय मार्फत रोकेको छ । यो हद सम्मको पूर्वाग्रह नेतामा हुनु हुँदैन । विश्वविद्यालयको भवन शिलान्यास तत्कालीन जसपा नेतृत्वको सरकारले गरेको निर्णयको आधारमा त्यस पार्टीका अध्यक्ष उपेन्द्र यादवले गरेका थिए । आजको दिनमा हुने कार्यक्रमहरुको शिलान्यास, उद्घाटन जनमत पार्टी नेतृत्वको सरकारले गर्ने निर्णय अनुसार हुने हो । विश्वविद्यालयको कामकाजलाई नै रोक्ने काम सरकारले गर्न कदापि उचित होइन । सप्तरी जिल्लाका वासिन्दाहरु मात्र नभई मधेश प्रदेशका नागरिकका लागि मधेश कृषि विश्वविद्यालय आवश्यक छ । सरकारले पूर्वाग्रही नभई उदारतापूर्वक मधेश कृषि विश्वविद्यालयलाई सबल, सक्षम र व्यवस्थित बनाउन लाग्नु पर्छ ।

# मनसुनसँगै रोगहरूको उच्च जोखिम



- डा. प्रकाश बुढाथोकी

मनसुन सुरु भएको एक हप्ता भइसकेको छ । निरन्तर दोहोरिने तथा जलवायु परिवर्तनबाट हुने असरको प्राकृतिक विपद् जोखिमले नेपाल विश्वमै अग्रस्थानमा छ । उत्तरबाट दक्षिणतर्फ बहने खोलानाला र खहरेले बाढी, पहिरो, डुबान, हिमपहिरो तथा हिमताल बिस्फोटन, चट्याङ, डढेलो, आगलागीजस्ता प्राकृतिक विपद् बर्सेनि दोहोरिने गरेका छन् । भूकम्पीय जोखिमका हिसाबले नेपाल ११औँ, जल उत्पन्न प्रकोपमा ३०औँ, जलवायु परिवर्तनको असरले हुने बाढी, खडेरी र पहिरोमा चौथो र हरितगृह ग्यास उत्सर्जनका हिसाबले एक सय नवौँ स्थानमा पर्दछ । त्यसैमा पछिल्लो समयमा अध्ययन, अनुसन्धान र वातावरणीय प्रभाव विश्लेषणबिना खनिएका सडक संरचनाले थप मलजल गरेका छन् । विपद्‌बाट कुल गार्हस्थ्य उत्पादनमा वार्षिक तीनदेखि पाँच प्रतिशत ह्राससँगै आर्थिक नोक्सानी भइरहेको छ ।

गत वर्ष विपद्का घटना सात सय ६९ हुँदा ६३ जनाको मृत्यू, ६९ घाइते तथा ३० बेपत्ता भएको तथ्याङ्क छ । यस वर्ष जल तथा मौसम विज्ञान विभागले सरदरभन्दा ३५ देखि ४५ प्रतिशत बढी वर्षा हुने अनुमान गरेको छ । मनसुनजन्य विपद्‌बाट करिब १८ लाख जनसङ्ख्या र चार लाख १२ हजार घरधुरी प्रभावित तथा ८३ हजार घरमा क्षति पुग्ने आकलन छ । मनसुन गत जेठ २८ गते भित्रिएपछि विपद्का एक सय ४७ घटनाबाट ३३ जिल्ला प्रभावित भई २८ जनाको ज्यान गइसकेको छ ।

मनसुनको सुरु भएसँगै बाढी, पहिरो, डुबान र चट्याङले देशभर ठूलो क्षति पुर्याइरहेको छ । हरेक दिन मृत्यू, घाइते र बिरामीहरूको तथ्याङ्क आइरहेका छन् । कोशी प्रदेशबाट सुरु भएको क्षति कर्णाली र सुदूरपश्चिम प्रदेश पुगिसकेको छ । ३३ बढी जिल्ला प्रभावित, तीसभन्दा बढीको मृत्यु तथा हजारौँ परिवार प्रभावित र भएका छन् । सुरुमै भएको क्षतिले चुनौतीपूर्ण भविष्यको सङ्केत गरेको छ ।

### विपदले ल्याउने स्वास्थ्य समस्या

वर्षात्को समयमा आउने बाढी, पहिरोजस्ता प्राकृतिक विपत्तिसँगै सबै अस्पतालका निर्देशकहरूले उपलब्ध गराएको जानकारीमा गर्मीपछि वर्षात्को समयमा सबैभन्दा बढी झाडापखाला, हैजा, डेंगु, टाइफाइड, भाइरल, जण्डिस, हेपाटाइटिस ए र ई, आउँ, निमोनिया, औलो, कालाजार, ज्वरो, स्क्रब टाइफस, रुघाखोकी, छालाको समस्या, पेटको सङ्क्रमण, जुका, आँखा पाक्ने, लेप्टोस्पाइरोसिसजस्ता बिरामी देखिने गर्दछन् । अर्थात् दूषित खाना र पानी, लामखुट्टे, झिङ्गा, किराफट्याङ्ग्रा, फोहर तथा हिलोका कारण हुने सङ्क्रमण विशेषतः बढी देखिन्छ । परेको वर्षाले ट्याङ्की वरिपरि मानिस, जनावर, पक्षीको बिष्ठा, ढकन नभएको, फोहरसहितको भेल मुहानमा परी प्रदूषित पानी, सिनो मासु, खोलानालाको प्रदूषित पानी सेवनले रोग लाग्दा जण्डिसलगायतका रोगहरूबाट मानिसहरू बिरामी पर्दैछन् । गर्भवतीलाई अस्वस्थता हुँदा थप जटिलता र गर्भपतनसम्म भएको पाइन्छ ।

बढ्दो वर्षासँगै विभिन्न किटाणु, जीवाणु, विषाणुजन्य सरुवा र सङ्क्रमणहरू टाइफाइड, झाडाबान्ता, भाइरल फ्लु, पेटको दुखाई, रुघाखोकी, श्वासप्रश्वास सङ्क्रमण, जण्डिस, हेपाटाइटिस ए, आँखा सुक्खा, चिलाउने तथा आँखाको सङ्क्रमण, जनावरले टोकेर हुने बिरामीहरू बढ्दै छन् । यसबाहेक तराईमा सर्पदंश, उच्च ज्वरो, छालाको रोग, बढी पसिना जाँदा शरीरमा हुने पानी अभावको कारण जल वियोजन, पिसाब र मिर्गौलामा समस्या र लु बढ्दैछ । जार तथा बोतलको पानी सेवन गर्नेमा पनि त्यत्तिकै समस्या छ । दूषित खाना, पानी, सरसफाइको अभाव, फोहर हात, भाडाकुँडा, झिङ्गा, लामखुट्टे, साङ्ला, किराफट्याङ्ग्रा तथा बासी, सडेगलेका फोहर खानेकुरा, फोहर बानी व्यहोरा र फोहर पानीको प्रयोग नै यस समयको रोग लाग्ने मुख्य कारण हो ।

यस मौसममा हुने सरुवा रोगहरू केही श्वासप्रश्वास र धेरैजसो पाचन प्रणालीसँग सम्बन्धित हुन्छन् । करिब सयभन्दा बढी भाइरस प्रमुखतया इन्फ्लुएन्जा विषाणुद्वारा हुने सङ्क्रामक रोग रुघाखोकी लागेकालाई सामान्य बिरामीको रूपमा लिइन्छ । यसमा घाँटी खस्खसाउने, श्वास फेर्न अप्ठेरो हुने, पातलो सिंगान बग्ने, ज्वरो आउनुको साथै शरीर दुख्छ । प्रत्यक्ष सम्पर्कबाट र हावाबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने भएकाले ज्यादा भीडभाड हुने स्थान बस, फिल्महल, विद्यालय र जात्रामा बिरामीले खोक्दा, बोल्दा, हाच्छ्यूँ गर्दा छिटै सर्दछ ।

### पानीजन्य रोगहरू

रोगका किटाणु पानीको मुहानमा परे सर्ने सरुवा रोगमा झाडापखाला, हैजा, रगतमासी, जुकाहरू, पोलियो, जियारडियासिस, अमिबियासिस, आउँ, टाइफाइड, जण्डिसलगायत २० वटा सरुवा रोगहरू पर्दछन् । वर्षायाममा विशेषगरी काँचो र नपाकेको मासु, बासी खाना, खाना बढी खाने, पचाउन नसकिने चिल्लो खाद्य पदार्थले खाना विषाक्तता हुन्छ । बिरामीलाई बान्ता हुने, पखाला लाग्ने, ज्वरो आउने हुन्छ । त्यसैगरी झिङ्गा भन्किएको र फोहर खानेकुरा खादा भिब्रियो कोलेरा ब्याक्टेरियाले आन्द्रामा सङ्क्रमण गर्छ र तीव्र सङ्क्रमण हैजा लाग्छ । हैजा लागेपछि धेरैपटक चौलानी पानीजस्तो पातलो दिसा र बान्ता एकैपटक लागिरहन्छ । त्यसले तीव्रगतिमा जलहरण गरी बिरामी शिथिल अवस्थामा पुग्छ ।

पटकपटक पातलो दिसा (तीन पटकभन्दा बढी) हुनुलाई झाडा पखाला भनिन्छ । यसले शरीरमा भएको पानी र लवणको मात्रालाई तुरुन्तै कम गर्ने भएकाले शरीरमा विभिन्न किसिमका जलविनियोजनसम्बन्धी स्वास्थ्य समस्याहरू देखा पर्दछन् । बान्ता र पखालासँगै भयो भने स्वास्थ्यका दृष्टिले खतरनाक मानिन्छ । सरसफाइको कमी, चर्पीको राम्रो व्यवस्था नभएको, शुद्ध खानेपानीको अभाव, झिंगा र अन्य किराफट्याङ्गाको बढी प्रकोप भएको ठाउँमा बढी देखिने सङ्क्रामक रोग टाइफाइड हो । झिङ्गा, सङ्क्रमित माटो र फोहर हातले खानेकुरा बनाउँदा रोग सर्न सक्दछ । यसमा ज्वरो बेस्सरी आउँछ, पाचन प्रणालीसँग सम्बन्धित लक्षण देखिन्छ । नेपालीमा म्यादी ज्वरो भनिने रोग टाइफाइड तथा पाराटाइफाइड ब्याक्टेरिया जीवाणुबाट लाग्छ । बिरामीको दिसापिसाबबाट दूषित हुन गएको पिउने पानी तथा खानाबाट यो रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ ।

टाइफाइडमा सुरुमा रोग रुघाखोकी जिउ तथा टाउको दुख्ने लक्षणबाट सुरु हुन्छ । त्यसपछि विस्तारै टाउकोको अगाडिको भाग दुख्ने, ज्वरो आउने आदि हुन्छ । ज्वरो बेलुकीपख बढ्छ र हरेक दिन केही ज्वरो बढ्दै जान्छ । बिरामीको ज्वरो कुनै बेला घट्ने र कुनै बेला बढ्ने पनि हुन सक्छ तर साधारण अवस्थामा आउँदैन । बिरामीलाई भोक नलाग्ने र विस्तारै सिकिस्त हुँदै जान्छ । ज्वरो बढ्नुको अनुपातमा नाडीको गति कम हुनु, कहिलेकाहीँ बान्ता आउनु, काँचो केराउको झोल जस्तो पखाला लाग्नु वा दिसा कब्जियत हुनु आदि पनि हुन्छ । यस्ता लक्षणहरू एक हप्तासम्म देखा पर्दछन् । दोस्रो हप्तामा ज्वरो बढी आउने र नाडीको गति अझ कम पनि हुनसक्छ । शरीरको प्रायः सबै भागमा र मुख्यगरी पेटमा गुलाबी दाना आउने, शरीर कम्पन हुने र बिरामी बेहोस पनि हुनसक्छ । कलेजो र फियो सुन्निन सक्छ ।

वर्षायाममा पानीकै कारणले मात्र लाग्ने हेपाटाइटिस 'ए' भाइरसद्वारा सङ्क्रमित भई ज्वरो आउने, जाडो हुने, टाउको दुख्ने, थकान महसुस हुनेजस्ता लक्षण देखा पर्न सक्छ । एकपटक हेपाटाइटिस 'ए'को उपचार गरेपछि पुनः देखा पर्दैन । हिजोआज पहिले गर्भवती महिलामा मात्र बढी देखिने हेपाटाइटिस 'ई' पुरुषमा पनि बढ्दो छ । यसमा बिरामीको कलेजो सुनिन्छ । उपरोक्त दुवै हेपाटाइटिस दूषित पानी र खानाबाट सर्दछ । काँचो फलफूल र मासुबाट सर्ने विभिन्न किसिमका जुका पनि यो समयमा देखिन्छ ।

### लामखुट्टेजन्य रोगहरू

वर्षायाममा लामखुट्टे लाग्दा र टोक्दा उच्च र तीब्र ज्वरो हुने डेंगु, औलो, फिलेरिया, इन्सेफलाइटिस, मेनिन्जाइटिस हुने सम्भावना रहन्छ । त्यसैगरी सैण्डफलाइले बिरामीको छाला कालो हुने, कलेजो सुन्निने, कालाजर लगाउँछ । लामखुट्टेजन्य रोगबाट बच्न लामखुट्टेको विकास र जीवनचक्र पूरा हुन दिनु हुँदैन जसका लागि लामखुट्टेको टोकाइबाट मानिस जोगिनु पर्दछ ।

वर्षायाममा सर्पदंशको समस्या पनि निकै हुने गर्दछ । सर्पले टोकेको ठाउँमा दुई दाँतको गहिरो निसान देखिन्छ । केही क्षणमै उक्त ठाउँमा फोका उठ्न थाल्दछ, दुख्छ र सुनिन्छ । रगत अलिक लामो समयसम्म आइरहन्छ । पीडितलाई वाकवाकी लाग्छ, मुखबाट र्‍याल निक्लन्छ, डर त्रासले उत्तेजित हुन्छ, ओंठ र मुख सुख्छ, तिर्खा लाग्छ, मुटुको धड्कन बढछ भने आँखी भौं, परेला तल झर्छ । खान निल्न पनि समस्या हुन्छ । बोल्दा जिब्रो लर्बराउने, हिड्दा खुट्टा लडखडाउने र समय बित्दै जाँदा आँखाले एउटा वस्तुको दुई छाया देख्ने, आँखा खोल्न गाह्रो हुने गर्दछ । विरामीलाई श्वास लिन समस्या हुन्छ भने पक्षघात देखिने र तीनदेखि छ घण्टापछि पिसाव रातो भएर आउँछ । विषालु सर्पले टोकेपछि मानिसको श्वासप्रश्वासमा अवरोध भई, मांसपेशीमा पक्षघात भई, रक्तचाप ज्यादै न्यून भई अचेत हुन जान्छ र मृत्यु हुन्छ । तर व्यवहारमा ६० प्रतिशत जति सर्पदंशमा या त सर्प विषालु हुँदैन या विष टोकेको स्थानमा नपर्ने तथा परे पनि कम भएको पाइने गरेको छ ।

मानिस जति आतिन्छ, त्यति रक्तसञ्चार बढ्छ र विष छिटो शरीरमा फैलिन्छ । विषविहीन सर्पले टोक्दा पनि मानिस आत्तिने गर्दा हृदयाघात, छिटोछिटो सास फेर्ने, टोकेको ठाउँमा घोचेजस्तो हुने, टोकेको ठाउँ वरपर सुन्निने, रक्तश्राव, निलो, फोका उठ्ने, सङ्क्रमण तथा नेक्रोसिस, कुहिने, हातखुट्टा बाउँडिने वा नचल्ने, बेहोस हुनेजस्ता लक्षण देखिन्छन् ।

टोकेको ठाउँदेखि शरीरमा विष फैलन नदिन सर्पले टोकेको खुट्टा वा हात चल्न नदिने गर्नुपर्छ । टोकेको ठाउँदेखि दुई-तीन इन्चमाथि मुटुतिर अलगअलग तीन ठाउँमा ब्याण्डेज, डोरी, रुमाल बाँध्ने र एउटा औला पट्टीभित्र मुस्किलले छिर्न सक्ने गरी बाँध्ने तर प्रत्येक १५ मिनेटमा आधा मिनेट डोरी खोली रक्तसञ्चार हुन दिनुपर्दछ । यदि अस्पताल वा स्वास्थ्य संस्था धेरै टाढा भएमा वा त्यहाँसम्म पुग्न तीन घण्टाभन्दा बढी समय लाग्ने अवस्था भएमा तत्कालका लागि प्राथमिक उपचार गरेर मात्र व्यक्तिलाई अस्पतालतिर लानुपर्दछ ।

### मनसुनजन्य विपद तयारी र प्रतिकार्य

उच्च जोखिममा फलाइङ स्क्वार्ड तयारी, खोज, उद्धार र राहतका लागि स्रोतसाधनको ब्यवस्थापन गरिएको छ । देशका ३४ स्थानमा चेतावनीमूलक साइरन प्रणाली जडान भएको र थप १५ स्थानमा गरिँदैछ । नेपाली सेनाले १० हजार आठ सय ४७, नेपाल प्रहरीले १० हजार पाँच सय ५८ र सशस्त्र प्रहरी बलले नौ हजार नौ सय २४ सुरक्षाकर्मीहरू विपद् प्रतिकार्यका लागि तयारीमा छन् । सेनाले इटहरी, सुर्खेत र काठमाडौँमा हेलिकप्टर तैनाथ छन् । बेलीब्रिज, बोटजस्ता आपत्कालीन सामान रणनीतिक स्थानहरूमा राखिएका छन् । कमाण्डपोष्ट खडा गरिएको छ । त्यसैगरी प्रदेश, जिल्ला र स्थानीय तहमा तयारी अवस्थामा रहने गरी प्रतिकार्य भइरहेको छ ।

पूर्वतयारीसम्बन्धी क्रियाकलापहरूका बारेमा सूची बनाई तयारी मन्त्रालयले गरिसकेको छ भने प्रतिकार्यसम्बन्धी सूचीकृत मुख्य क्रियाकलापहरूमा विपद्‌को असरको आधारमा सङ्घीय तथा प्रादेशिक तहका स्वास्थ्य विषयगत क्षेत्र सक्रिय बनाउने, स्वास्थ्य क्षेत्रको द्रुत लेखाजोखा गर्ने, तथा सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट सन्देशमूलक सूचना र सचेतना अभिवृद्धिमा जोड दिनु रहेका छन् । त्यस्तै प्रभावित स्थानमा द्रुत प्रतिकार्य टोली परिचालन, आकस्मिक चिकित्सकीय टोली परिचालन, हैजा, डेंगुका किट, खोप, औषधिजन्य सामग्रीको व्यवस्था, एम्बुलेन्सको परिचालन, बिरामी तथा घाइतेको व्यवस्थापन, नमूना परीक्षण, शव व्यवस्थापन, भेक्टर नियन्त्रण, महामारीको उपचार, यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य, मनोसामाजिक नसर्ने तथा सर्ने रोगहरूको नियमितता, घुम्ती स्वास्थ्य सेवा गर्नेगरी प्रतिकार्य काम भइरहेका छन् । त्यस्तै हटलाइनहरू पनि सञ्चालनमा छन् ।

अन्तमा रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै बेस हुन्छ । जुनसुकै उमेर, वर्ग र तप्काका मानिसले स्वास्थ्यप्रति सचेत हुनुपर्छ । उमालेको पानीको प्रयोग गर्नुका साथै खाना खानुअघि र पछि साबुनपानीले हात धुनुपर्दछ । जथाभावी दिसापिसाब नगर्ने, बासी सडेगलेका र अपच हुनेगरी खुला ठाउँमा राखिएका खाना खानु हुँदैन । व्यक्तिगत सरसफाइ र घर वरपरको वातावरण सफा राख्नुपर्दछ ।(लेखक केन्द्रीय कारागार अस्पतालका प्रमुख तथा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता हुनुहुन्छ )रासस

> रोगका किटाणु पानीको मुहानमा परे सर्ने सरुवा रोगमा झाडापखाला, हैजा, रगतमासी, जुकाहरू, पोलियो, जियारडियासिस, अमिबियासिस, आउँ, टाइफाइड, जण्डिसलगायत २० वटा सरुवा रोगहरू पर्दछन् । वर्षायाममा विशेषगरी काँचो र नपाकेको मासु, बासी खाना, खाना बढी खाने, पचाउन नसकिने चिल्लो खाद्य पदार्थले खाना विषाक्तता हुन्छ । बिरामीलाई बान्ता हुने, पखाला लाग्ने, ज्वरो आउने हुन्छ ।

# मिडियाको नीतिगत तहमा दलितको सहभागिता शून्य

**सुशील दर्नाल**

संविधानको धारा ४० मा पहिलोपटक दलित हकको सुनिश्चित गरिएको छ । संविधानमा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने व्यवस्था गरिएको छ । संविधानमा सार्वजनिक सेवालगायत रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिने पनि उललेख छ । संविधानको यो व्यवस्थाको मर्म, राज्यका सबै संरचनामा दलितको जनसंख्याको आधारमा समावेशी प्रतिनिधित्व सुननिश्चित गरिनुपर्छ भन्ने हो ।

संविधान लागू भएको करिब एक दशक भयो । तर, संविधानको मूल मर्मअनुरुप निजामती प्रशासन, शिक्षण सेवा प्रहरी, सेना र सरकारी रोजगारीका धेरै क्षेत्रमा समावेशी सिद्धान्तका आधारमा दलितलगायत सीमान्तकृत समुदायको सहभागिता बढाउँदै लगिए पनि आमसञ्चारमाध्यमको नीतिगत तहमा भने दलित समुदायको सहभागिता सन्तोषजनक छैन । देशको कुल जनसंख्यामा दलितको जनसंख्या करिब १३ प्रतिशत छ ।

पत्रकार बाबुराम विश्वकर्मा आमसञ्चारमाध्यमलाई समावेशी बनाउन संविधान, आमसञ्चार नीति, मिडियामा समावेशीकरणसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदनअनुसार सीमान्तकृत समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व बढाउन थप स्पष्ट कानुनी र नीतिगत व्यवस्था गर्नुपर्ने सुझाव दिनुहुन्छ । पत्रकार विश्वकर्माले हालै सार्वजनिक गर्नुभएको अध्ययनअनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका ५९ जना पदाधिकारी तथा कर्मचारीमध्ये दलितको सहभागिता करिब शून्य रहेको छ ।

त्यसैगरी सञ्चार मन्त्रालय मातहतको निकाय प्रेस काउन्सिल नेपाल दलितविहीन छ । नेपाल दूरसञ्चार प्राधिकरणको सञ्चालक समितिका पाँचै जना गैरदलित पुरुष छन् । देशको एक मात्र समाचार समिति राष्ट्रिय समाचार समितिको अवस्था त्योभन्दा भिन्न छैन । राससको छ सदस्यीय सञ्चालक समितिमा दलितको सहभागिता शून्य छ । अध्ययनमा भनिएको छ, "देशको एक सय २४ वर्ष पुरानो सरकारी सञ्चारगृह गोरखापत्र संस्थानको सञ्चालक समिति अहिलेसम्म दलितको प्रतिनिधित्व छैन, गोरखापत्रको सात सदस्यीय सञ्चालक समितिमा सातै जना पुरुष छन् भने त्यो समिति पनि दलितविहीन ।"

त्यसैगरी नेपाल टेलिभिजनको बोर्डमा पनि दलित प्रतिनिधित्व देखिँदैन । देशको ९० प्रतिशतभन्दा बढी जनताको पहुँचमा रहेको रेडियो नेपालको पाँच सदस्यीय सञ्चालक समितिमा पनि दलितको प्रतिनिधित्व छैन । राष्ट्रिय दलित पत्रकार सङ्घ, नेपालका अध्यक्ष तथा सभासद् विनोद पहाडी चारवटै सरकारी सञ्चारमाध्यम र निजी क्षेत्रका सञ्चारमाध्यमलाई पुनःसंरचना गरी दलितमैत्री बनाउनुपर्ने माग गर्नुहुन्छ । सञ्चार मन्त्रायअन्तर्गतका अन्य निकायहरू चलचित्र विकास बोर्ड, प्रेस काउन्सिल नेपाल, राष्ट्रिय सूचना आयोग, नेपाल दूरसञ्चार प्राधिकरण, न्यूनतम पारिश्रमिक निर्धारण समिति, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, सुरक्षण मुद्रण विकास समिति र राष्ट्रिय सूचना प्रविधि केन्द्रमा दलित समुदायको प्रतिनिधित्व शून्य रहेको जनाउँदै उहाँले नीतिगत व्यवस्था गरी प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो ।

आमसञ्चार नीतिमा राष्ट्रिय आमसञ्चार प्रतिष्ठान स्थापना गर्ने, समानुपातिक समावेशी नीतिअनुसार समाचार कक्षलाई समावेशी बनाउने, सीमान्तकृत समुदायलाई पत्रकारिता अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गर्ने प्रेस काउन्सिलको नियुक्ति समानुपातिक समावेशी सिद्धान्तअनुसार गर्ने प्रावधान राखिएको छ । लोककल्याणकारीसहित उपभोक्ता केन्द्रित विज्ञापनमार्फत सीमान्तकृत समुदायले सञ्चालन गरेका मिडियालाई प्रोत्साहन गरिने भनिए पनि त्यसको कार्यान्वयन हुनसकेको छैन ।

विसं २०७३ मा सञ्चार नीति जारी गर्नुअघि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले २०६९ मा सञ्चारमाध्यमलाई समावेशीकरण गर्नेसम्बन्धी उच्चस्तरीय आयोग गठन गरेको थियो । आयोगले सञ्चार र आमसञ्चार क्षेत्रलाई समावेशीकरण गर्न सरकारलाई १२ बुँदे सुझावसमेत दिएको थियो । विषयगत विज्ञ र सरोकारवालासँग विस्तृत छलफल गरेर सरकारलाई बुझाइएको प्रतिवेदनमा आमसञ्चारमाध्यमका विषयवस्तु र समाचारकक्षलाई समावेशी बनाउनुपर्ने र सरकारी सञ्चारमाध्यममा आरक्षणको व्यवस्था गरिनुपर्ने सुझाव दिएको थियो ।

> राष्ट्रिय दलित पत्रकार संघ नेपालका अनुसार अहिले देशैभरि करिब दुई हजार दलित समुदायका पत्रकार छन् । तर उनीहरु कोटाको आधारमा भन्दा पनि क्षमताको आधारमा पत्रकारिता गरिरहेको देखिन्छ ।

त्यसैगरी निजी सञ्चारमाध्यमका विषयवस्तु र जनशक्तिलाई समावेशी बनाउन सञ्चारमाध्यमको अनुमतिपत्र वितरण तथा नवीकरणमा अनिवार्य रूपमा समावेशीकरणको प्रावधान कार्यान्वयन गरिनुपर्ने र प्रेस काउन्सिललाई समावेशी मिडिया काउन्सिल बनाउनुपर्ने आयोगको सुझाव छ । प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले आमसञ्चारमाध्यममा दलित समुदायको सहभागिता पर्याप्त नभएकाले त्यसलाई नीति बनाएरै बढाउनुपर्ने धारणा राख्नुभयो ।

अहिलेसम्म सञ्चारसम्बन्धी नौवटा नीति, १६ वटा ऐन, १८ वटा नियमावली र १२ वटा निर्देशिका बनेका छन् । तर, तीमध्ये अधिकांश सरकारी दस्तावेजमा सञ्चार तथा मिडिया क्षेत्रमा सीमान्तकृत समुदायको समानुपातिक प्रतिनिधित्व बढाउन बाध्यकारी व्यवस्था गरिएको छैन । संविधानको मौलिक हकको व्यवस्था लागू गर्न कानुन बनाउने भनिए पनि अहिलेसम्म कानुन बनेको छैन । अब मिडियामा दलित समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न अनिवार्य रूपमा कानुनी व्यवस्था गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने जरुरी रहेको पत्रकार विश्वकर्माको भनाइ छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता गजेन्द्रकुमार ठाकुरले संविधानमा व्यवस्था गरिए पनि बाध्यकारी ऐन/कानुन नभएका कारण पनि मन्त्रालय मातहतको निकायका सञ्चालक समितिमा दलित समुदायको प्रतिनिधित्व हुन नसकेको बताउनुभयो । मन्त्रालय मातहतका कतिपय निकायमा भने महिलाको सहभागिता रहेको उहाँको भनाइ थियो । उहाँले सञ्चारसम्बन्धी निकायमा दलित समुदायको प्रतिनिधित्वका लागि विशेषगरी राज्यले नै गम्भीरताका साथ पहल गर्नुपर्ने बताउनुभयो ।

अहिले छलफलमा रहेको मिडिया काउन्सिल विधेयकलगायत अन्य सञ्चारसम्बन्धी विचाराधीन विधेयकमा स्पष्ट रूपमा समानुपातिक समावेशी सिद्धान्तअनुसार सरकारी तथा निजी सञ्चार तथा आमसञ्चार संस्थामा दलित तथा सीमान्तकृत समुदायको अनिवार्य प्रतिनिधित्व हुने बाध्यकारी व्यवस्था किटान गर्न जरुरी छ । आमसञ्चार क्षेत्रका लागि सरकारले नेपाली समाजको विविधता अनुरुप समावेशीकरणको मापदण्ड जारी गरेर लागू गर्नुपर्ने बाध्यकारी व्यवस्था गर्न ढिलो भएको छ ।

पत्रकार प्रकाशचन्द्र परियारले दलित समुदायको भौतिक सहभागिता र विषयवस्तु सुनिश्चितका लागि आमसञ्चारका माध्यमहरू नीतिगत रूपमा दलितमैत्री हुनुपर्ने धारणा राख्नुभयो । मधेशी पत्रकार समाजका अध्यक्ष मोहन सिंहले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले पत्रकारिता तालिम तथा उच्च शिक्षा अध्ययनका लागि दलितलगायत सीमान्तकृत समुदायका लागि छात्रवृत्ति र लेखनवृत्तिको व्यवस्था गर्नुन माग गर्नुभयो । प्रेस काउन्सिल नेपालका सञ्चालक समिति सदस्य दीपक पाण्डेले दलित समुदायले उठाउँदै आएको मिडियामा समावेशीताको मुद्दा राज्यको मुद्दा बन्नुपर्ने धारणा राख्नुभयो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मातहतका निकायमा मात्रै होइन, निजी क्षेत्रका सञ्चारमाध्यमसँग पनि दलित समुदायको भौतिक सहभागिताको निम्ति कुनै नीतिगत व्यवस्था छैन । दलित समुदायको समाचारलाई स्थान दिनका लागि कुनै सम्पादकीय नीति छैन । राष्ट्रिय दलित पत्रकार सङ्घ नेपाल, जागरण मिडिया सेन्टर, आदिवासी जनजाति पत्रकार महासङ्घ, मधेसी पत्रकार समाज र सञ्चारिका समूहलगायत सञ्चार क्षेत्रका विज्ञहरूले आमसञ्चारमाध्यमलाई विषयवस्तु र सहभागिताको हिसाबले पूर्ण रूपमा समावेशी बनाउनुपर्ने माग गर्दै आएका छन् ।

मिडियामा सीमान्तकृत समुदायको भौतिक सहभागिता भएको खण्डमा मात्रै स्वाभाविक रूपमा सञ्चारमाध्यममा विषयवस्तुले प्राथमिकता पाउने भन्दै ती सङ्घसंस्था र विज्ञहरूले भौतिक सहभागितालाई नै बढी जोड दिएका छन् । पत्रकार चक्रमान विश्वकर्माले निजी क्षेत्रका सञ्चारमाध्यमले दलित समुदायको भौतिक सहभागितालाई सुनिश्चित नगरे पनि कम्तीमा राज्यद्वारा सञ्चालित सञ्चारमाध्यमले दलित समुदायको सहभागितालाई सुनिश्चित गर्नुपर्ने माग गर्नुभयो । राष्ट्रिय दलित पत्रकार सङ्घ नेपालका अनुसार अहिले देशैभरि करिब दुई हजार दलित समुदायका पत्रकार छन् । तर उनीहरु कोटाको आधारमा भन्दा पनि क्षमताको आधारमा पत्रकारिता गरिरहेको देखिन्छ ।

क्रियाशील दलित पत्रकार सङ्घका अध्यक्ष पवित्रा सुनारले राज्यका अन्य निकायहरू समावेशी बन्दै गर्दा आमसञ्चारमाध्यमहरू पनि सहभागिता र विषयवस्तुको हिसाबले पूर्ण रूपमा समावेशी बन्नुपर्ने धारणा राख्नुभयो । दलित समुदायले सञ्चालन गरेका मिडियालाई राज्यले आर्थिक प्रोत्साहन गर्न सक्दछ । नेपाली आमसञ्चारमाध्यमलाई दलितसहितको समावेशी बनाउनका लागि सरकार आफैँले गठन गरेको उच्चस्तरीय आयोगले दिएका सुझावहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिइएको छ । मिडियामा दलित समुदायको अनिवार्य प्रतिनिधित्वका लागि कानुनी व्यवस्था गरेर त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।रासस

# ‘कृषि दशकको कार्यान्वयनबाट समृद्धि सम्भव छ’

काठमाण्डु । राष्ट्रियसभाको बुधबारको बैठकमा सांसदहरूले आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा समेटिएको कृषि दशकको कार्यान्वयनबाट समृद्धि सम्भव भएको बताउनुभएको छ ।

सभाको बुधबारको बैठकमा विनियोजन विधेयक, २०८१ अन्तर्गत विभिन्न मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा उहाँहरूले कृषि क्षेत्रको विकासबाट मुलुकको अर्थतन्त्रलाई उकास्न सकिने धारणा राख्नुभयो ।

सांसद वामदेव गौतमले कृषिको व्यावसायिकीकरणबाट नै मुलुकमा व्याप्त बेरोजगारीको समस्या समाधान गर्न सकिने बताउनुभयो । नेपालको कृषि भूमि राष्ट्रियकरण गरी सो जग्गामा जडीबुटी, फलफूल, तरकारी तथा पशुपालन व्यवसाय सञ्चालन गर्न सुझाव दिँदै उहाँले अन्तर्राष्ट्रिय तथा घरेलु व्यापारबाट मनग्य आम्दानी गर्न सकिने धारणा राख्नुभयो । किसानका उत्पादन बिक्रीको सुनिश्चितताका साथै प्रत्येक पालिकाको केन्द्रमा अत्याधुनिक बजार विकास गर्न बजेट विनियोजन हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सांसद झक्कुप्रसाद सुवेदीले कृषि र सिँचाइलाई एक ठाउँमा राखेर मन्त्रालयको पुनःसंरचना गरिनुपर्नेमा जोड दिनुभयो । आगामी दशकलाई कृषि दशक घोषणा गरिनु यस क्षेत्रका लागि सकारात्मक भएको उल्लेख गर्दै उहाँले कृषिको आधुनिकीकरण र व्यावसायिकीकरणबाट मात्रै उत्पादन वृद्धि गर्न सकिने बताउनुभयो । “कृषिको विशेष क्षेत्र घोषणा मात्र होइन, यस क्षेत्रमा बजेट बढाएर लैजानुपर्छ । कृषि बाली, फलफूल, तरकारी, पशु तथा माछापालनका लागि पर्याप्त बजेट विनियोजनसहित विशेष कार्यक्रम अघि बढाउनुपर्छ । सिँचाइ कृषिसँग जोडिएको छ, भरपर्दो सिँचाइ प्रणालीको विकास गरी उत्पादनमा जोड दिने नीति लिनुपर्छ”, सांसद सुवेदीले भन्नुभयो ।

सांसद भगवती न्यौपानेले सङ्घीयताको मर्म र भावनाअनुसार बजेट विनियोजन हुनुपर्नेमा जोड दिनुभयो । “सङ्घले ठूला ‘गेम चेन्जर’ आयोजना सञ्चालन गर्ने हो । प्रदेशले मझौला र स्थानीय तहले साना आयोजनामा बजेट विनियोजन गर्नुपर्छ”, उहाँले भन्नुभयो । सांसद न्यौपानेले प्रत्येक निर्वाचन क्षेत्रमा बढीमा चारवटा आयोजनालाई सङ्घीय सरकारबाट बजेट विनियोजन गर्न सुझाव दिनुभयो । “जिल्लाको मुहार बदल्ने तथा धेरै नागरिकले लाभ लिने आयोजनालाई मात्र सङ्घले बजेट विनियोजन गर्नुपर्छ”, उहाँले भन्नुभयो ।

सांसद मोहम्मद खालिदले बजेटको समुचित विनियोजन हुन नसकेको उल्लेख गर्दै मन्त्रीहरू आफ्नो निर्वाचन क्षेत्रका आयोजना मात्र सीमित भएका टिप्पणी गर्नुभयो । मधेस प्रदेशलाई कृषिको विशेष क्षेत्र घोषणा गरिनु सुखद् भए पनि कार्यान्वयन कार्ययोजनाका बारेमा स्पष्ट नीति नहुँदा समस्या हुने उहाँको भनाइ छ । “चुरे संरक्षण गरेर तराई मधेस क्षेत्रमा देखिएको पिउने पानी तथा सिँचाइको समस्या समाधान गर्नुपर्छ”, उहाँले भन्नुभयो ।

सांसद गोपीबहादुर सार्की अछामीले वैदेशिक रोजगारीबाट फर्केका युवाको सीप र ज्ञानको प्रयोग गरी समृद्धि हासिल गर्ने योजना सकारात्मक रहेको बताउनुभयो । कृषिको व्यावसायिकीकरण, आधुनिकीकरण र बजारीकरण गर्नेलगायत बजेटमा समावेश गरिएका विषय प्रंशसनीय रहेको उहाँको भनाइ छ ।

**शिक्षामा बजेट थप्न र कृषिको आधुनिकीकरण गर्न माग**

राष्ट्रियसभाको बुधबारको बैठकमा सांसदहरुले शिक्षा क्षेत्रमा बजेट थप्न तथा कृषिको आधुनिकीकरण गर्न माग गरेका छन् । विनियोजन विधेयक, २०८१ का विभिन्न मन्त्रालयका विनियोजन शीर्षकमाथि खर्च कटौतीको प्रस्तावसहित छलफलमा भाग लिँदै सांसदहरुले उक्त सुझाव दिएका हुन् ।

बैठकमा सांसद पदमबहादुर परियारले शिक्षा क्षेत्रमा अहिलेको आवश्यकताअनुसार बजेट विनियोजन नभएको उल्लेख गर्दै सोह्रौं आवधिक योजनाले शिक्षा क्षेत्रको बजेट १० प्रतिशतमाथि राख्ने लक्ष्य राखेकामा शिक्षामा बजेट घटाउन नहुने बताउनुभयो । आगामी आवका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत रु दुई खर्ब तीन अर्ब ७४ करोड ४९ लाख विनियोजन भएको छ ।

“यो कूल बजेटको १० दशमलव ९५ हुन आउँछ, चालु आव २०८०/८१ मा शिक्षामा ११ दशमलव २७ प्रतिशत बजेट छुट्ट्याइएकामा आगामी आवका लागि घटेर आएको छ, शिक्षा क्षेत्रमा बजेट नघटाइयोस्”, सांसद परियारले भन्नुभयो । उहाँले अपाङ्गता भएका शिक्षक र विद्यार्थीका लागि विभिन्न कार्यक्रम ल्याइएकामा खुसी व्यक्त गर्नुभयो ।

सांसद आनन्दप्रसाद ढुङ्गानाले कृषिको आधुनिकीकरण र व्यावसायिकरण नगरेसम्म गरिबी न्यूनीकरण सम्भव नभएको बताउनुभयो । “कृषि नेपालको विकासको मेरुदण्ड हो, तर अझै किसानका समस्या समाधान हुन सकेका छैनन्”, खर्च कटौतीको प्रस्तावसहितको छलफलमा उहाँले भन्नुभयो, “कृषि क्षेत्रमा छुट्ट्याइएको बजेटले अहिलेको समस्या समाधान गर्न सक्दैन ।”

आगामी आवको बजेटमा कृषि क्षेत्रमा रु एक अर्ब बजेट कटौती गरिएको उल्लेख गर्दै सांसद ढुङ्गानाले बजेट घटाएर कसरी कृषिको आधुनिकीकरण सम्भव हुन्छ भनेर प्रश्न गर्नुभयो ।रासस

# राष्ट्र अप्ठ्यारोमा परेका बेला दलहरूबीच संवाद र साझा प्रयास आवश्यक हुन्छ : अध्यक्ष ओली

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्र अप्ठ्यारोमा परेका बेला ठूला दलहरुबीच संवाद र साझा प्रयासका माध्यमबाट मुलुकलाई सहजता प्रदान गर्नुपर्ने बताउनुभएको छ ।

हालैको एक अन्तर्वार्तामा अध्यक्ष ओलीले भन्नुभयो, “हामी लोकतन्त्रमा स्वच्छ प्रतिस्पार्धाका आधारमा चल्नुपर्छ भन्नेमा छौँ । हामीले मिलेरै संविधान बनायौँ, मिलेरै अघि बढ्ने हो । मिलेरै अघि बढ्दा मुलुकका लागि आवश्यक निकास दिन सकिन्छ ।”

मुलुकका खासखास समस्याका समयमा तिनको समाधानका लागि नेपाली कांग्रेस, एमालेसहितका ठूला दल मिलेर मुलुकको नेतृत्व गर्ने कुरामा के सोच्नुभएको छ ? भन्ने राससको जिज्ञासामा अध्यक्ष ओलीले संविधान जारी हुने समयमा कांग्रेससँग सहयात्राका लागि एमालेले नै प्रस्ताव गरेको स्मरण गर्दै कांग्रेस संवादमा आउँदा आफूहरू कहिल्यै पनि पछि नहटेको स्पष्ट पार्नुभयो ।

राष्ट्रिय मुद्दामा संवाद र सहमतिको यात्राबाट एमाले पछि नहट्ने र त्यसको अगुवाइ गर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, “यस्तो अवस्थामा एमालेले विगतमा पनि अगुवाइ गरेर लोकतान्त्रिक तवरबाट मार्गप्रशस्त गरेको हो र अहिले पनि आवश्यक पर्दा त्यसबाट पछि हट्दैन ।”

“विनासकारी भूकम्पपछि त्यसबेला प्रतिपक्षमा रहेर पनि नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) सँग मिलेर पुनःनिर्माण र संविधान निर्माणमा लाग्ने प्रतिबद्धताका साथ रचनात्मक भूमिका निर्वाह गरेको कुरा पनि बिर्सन हुँदैन । हामीले विगतमा पनि मिलेरै देश र जनताका लागि काम गरेको इतिहास छ । आवश्यक परेमा सबैसँगै आउनुपर्छ । विगतमा एमाले, कांग्रेस र माओवादी केन्द्रले नै राष्ट्रका लागि सँगै काम गरेको हो”, उहाँले स्मरण गर्नुभयो ।



अहिले नागरिकले मुलुकमा स्थायित्व खोजिरहेका छन् । यसका लागि नेपालको परिवर्तनका संवाहक रहेका तीन ठूला दल नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्र मिलेर सरकार निर्माण गरेर देशलाई राजनीतिक स्थायित्व दिने प्रयोजनका लागि आवश्यक संवाहकको पहल किन नगर्ने भन्ने प्रश्नमा अध्यक्ष ओलीले सो जवाफ दिनुभयो । उहाँले भन्नुभयो, “एमाले जनताको चाहना र राष्ट्रको आवश्यकता बुझेर काम गर्ने पार्टी हो, मुलुकको स्थायित्वका लागि परिवर्तनका संवाहकहरूको सहकार्य आवश्यक छ । यसका लागि अग्रसरता लिने पक्षमा एमाले छ ।”

संविधान साध्य होइन, साधन हो । देश र जनताको सुख र समृद्धि साधन हो भन्दै अध्यक्ष ओलीले भन्नुभयो, “हामीले तरकारी नकाटी हुँदैन, तर तरकारी काट्दा चुलेसीसँग खेलबाड गरियो भने हात काट्न सक्छ । साधनहरू चलाउँदा सावधानी अपनाउनुपर्छ । हामीबीच जति पनि असमझदारी छन्, ती हटाउने संवादबाट नै हो । संवादबाट सहमतिमा जान सकिन्छ । साझा अनुभूतिलाई अनुभवका रूपमा सहमति विकास गर्नुपर्छ । फेरि पनि संवाद आवश्यक छ । सबै कुरामा सहमति हुन्छ भन्ने होइन, आधारभूत रूपमा सहमति हुनुपर्छ । पक्ष-प्रतिपक्षको स्वच्छ प्रतिस्पर्धाको बहुदलीय प्रणाली हामीले रोजेर ल्याएको हो, यस प्रणालीलाई अस्वीकार नगरी सहमतिलाई स्वीकार गर्न सकिन्छ । त्यसकारण सहमति हुन्छ । कस्तो बेलामा प्रतिस्पर्धा र कतिबेला सहमति भन्ने हुन्छ ।”

एकप्रश्नमा उहाँले आफूहरूलाई सरकारमा बसेर जनतालाई कुनै पनि उपलब्धि दिन नसक्ने छुट नभएको जवाफ दिनुभयो । सरकारमा देशको विकास गर्न तथा जनतालाई सुविधा दिनका लागि जाने हो । जनतालाई सेवा सुविधा दिन हो । तर कसैकसैका लागि मात्र हुनेगरी काम गर्ने छुट हामीलाई सरकारमा बसेर हुँदैन, उहाँको भनाइ थियो ।

अध्यक्ष ओलीले भन्नुभयो, “जनताका समस्या सम्बोधन गर्न नसकेमा हामी सरकारमा बस्नुको औचित्य के हुन्छ र ? देश र जनताका समस्या सम्बोधन गर्न नसकिए कुनै पनि सरकारको अर्थ छैन ।”अध्यक्ष ओलीले संविधानले परिकल्पना गरेको प्रणालीको विकास र कानुनी निर्माण गर्नुपर्ने अवस्थामा आफूहरूले मिलेर जाउँ भनेर कांग्रेससँग प्रस्ताव गरेको टिप्पणी गर्नुभयो । यसमा कांग्रेस पनि गम्भीर हुनुपर्ने उहाँको भनाइ छ ।

अध्यक्ष ओलीले भन्नुभयो- “लोकतन्त्रका आधारभूत प्रश्नमा हामी एक ठाउँमा छौँ र हुनुपर्छ । यो प्रणाली हामीले लडेर र रोजेर ल्याएको हो । यसलाई बलियो बनाउनुपर्छ । कार्यान्वयनका क्रममा स्थितिमा संविधान संशोधन पनि गर्नुपर्ने हुन्छ । किनभने चरम दबाबका बीच हामीले संविधान ल्याएको हो । संविधान नल्याउँदा नेपाल अराजकतामा फस्न सक्ने थियो, त्यसकारण कतिपय कमीकमजोरीका बीच हामीले संविधान ल्यायौँ । जनतालाई केन्द्रमा राखेर यसको सफल कार्यान्वयनका लागि हामीहरु संवाद र सहमतिमा लाग्नुपर्ने हुन्छ ।”रासस

# कांग्रेसद्वारा एमालेसँग भएको सहमतिको स्वागत र समर्थन

काठमाण्डु । नेपाली कांग्रेसले नेपाल कम्युनिष्ट पार्टी (एमाले)सँग यही असार १७ गते राष्ट्रिय सहमतिको सरकार गठनसम्बन्धमा गरेको सहमतिको स्वागत एवं समर्थन गरेको छ ।

कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बुधबारको बैठकले दुई दलबीच राष्ट्रिय हितको रक्षा, भ्रष्टाचार नियन्त्रण गरी देशमा सुशासन कायम गर्न, विकास-निर्माणको अभियानलाई तीव्रता दिन, राजनीतिक स्थायित्व कायम गर्नका लागि भएको सहमतिको स्वागत एवं समर्थन गरेको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

बैठकले संविधानको अभ्यासको समीक्षा गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र समावेशितालाई सुदृढ गर्ने गरी संविधान संशोधन गर्न, अर्थतन्त्रलाई बलियो बनाउन र यी उद्देश्य प्राप्तिका लागि राष्ट्रिय सहमतिको सरकारको नेतृत्व पहिलोपटक नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र दोस्रोपटक कांग्रेसका सभापति शेरबहादुर देउवाले गर्नेगरी भएको सहमतिलाई कार्यान्वयन गर्न दृढता व्यक्त गरेको छ ।

पार्टी सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको निवास, बूढानीलकण्ठमा भएको बैठकले कांग्रेस र एमालेबीच नेपालको संविधानको धारा ७६ (२) बमोजिम अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन गर्न सहमति भइसकेकामा प्रतिनिधिसभाको बहुमत स्पष्ट देखिएको अवस्थालाई दृष्टिगत गरी प्रधानमन्त्रीले राष्ट्रिय सहमतिको नयाँ सरकार गठनका लागि मार्गप्रशस्त गर्न उचित हुने ठहर गरेको छ ।यसैगरी, महाधिवेशन सम्पन्न नगरेका कांग्रेसका भ्रातृ सङ्घहरूको महाधिवेशन सम्पन्न गर्न, गराउन फरक भ्रातृ सङ्घका लागि अधिकार सम्पन्न फरक-फरक निर्देशक समिति गठन गर्ने निर्णय गरेको छ ।



नेपाल विद्यार्थी सङ्घ, नेपाल तरुण दल, नेपाल महिला सङ्घ, नेपाल किसान महासङ्घ, नेपाल दलित सङ्घ, नेपाल लोकतान्त्रिक खेलकुद सङ्घ, नेपाल प्रजातन्त्र सेनानी सङ्घ, नेपाल भूतपूर्व सैनिक सङ्घ, राष्ट्रिय लोकतान्त्रिक अपाङ्गता सङ्घ र नेपाल थारू सङ्घका निर्देशक समितिहरूलाई २०८१ चैत मसान्तसम्ममा अनिवार्य रूपमा भ्रातृ सङ्घको महाधिवेशन सम्पन्न गर्नेगरी दिइएको कार्यादेश,सङ्घकातदर्थकार्यसमितिहरूको समयावधिलगायतक विषयमा यही असार १७ गते गरिएको निर्णयलाई बैठकले पारित गरेको छ ।रासस

# कांग्रेस-एमाले गठबन्धनलाई समर्थन गर्ने लोसपाको निर्णय

काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बीच राष्ट्रिय सहमतिको सरकार गठन गर्न भएको सहमतिलाई सकारात्मक भन्दै त्यसको समर्थन गरेको छ ।

पार्टी केन्द्रीय कार्यालयमा बुधबार भएको पदाधिकारी बैठकले पछिल्लो राजनीतिक घटनाक्रमको समीक्षा गर्दै नयाँ सहमति गरेका राजनीतिक दलसँग सत्ता सहकार्य गरेर जाने निर्णय पनि गरेको छ ।बैठकले कांग्रेस र एमालेबीच भएको सहमतिअनुरुप गठन हुने सरकारलाई समर्थन गर्ने निर्णय भएको प्रमुख सचेतक रामप्रकाश चौधरीले जानकारी दिनुभयो । उहाँका अनुसार बैठकमा पार्टी अध्यक्ष महन्थ ठाकुरले मङ्गलबार कांग्रेस सभापति शेरबहादुर देउवासँग भएको छलफलबारे जानकारी दिनुभएको थियो ।रासस


मधेश प्रदेश सरकार

उर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय

मधेश प्रदेश, जनकपुरधाम

जनहितमा जारी सूचना

१. मधेश प्रदेशको स्वास्थ्य, सरसफाई, शिक्षा र पानीको उपयोग अवस्थामा सुधार गर्न विशेष क्षेत्र लक्षित गरी लगानी खाँका (Financial Framework) तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
२. जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न हरित ग्याँसको खपतलाई कम गर्नको निम्ति मधेश प्रदेशभित्र वातावरणमैत्री विद्युतिय सावरी साधनको प्रयोगलाई बढाउने उद्देश्य राखी प्रदेशभित्रको पूर्व पश्चिम राजमार्ग र हुलाकी राजमार्गमा क्रमिक रुपमा चार्जिगंस्टेशन स्थापना गरिने छ।
३. जलवायु परिवर्तन प्रभावका कारण यस प्रदेशको भूमिगत जलस्रोतमा भईरहेको ह्रासलाई न्यूनिकरण गर्न “Ground Water Recharge to Discharge” अवधारणालाई नाराको रुपमा मूर्तरुप दिई भूमिगत जलश्रोतको संरक्षण तथा पुनर्भरण कार्यलाई उच्च प्राथमिकतामा राखिने छ । वर्षातको पानी संकलन तथा संरक्षण पोखरी निर्माण कार्यलाई विशेष ध्यान दिईने छ । भूमिगत जलस्रोतको अतिदोहनलाई निरुत्साहित गरिने छ। भूमिगत जलश्रोतको वैज्ञानिक उपयोगलाई प्रवर्द्धन गर्न भूमिगत जलश्रोतको अध्ययन तथा अनुसन्धान कार्य (Ground Water Mapping and Recharge Zoning) लाई प्राथमिकतामा राखिने छ ।
४. भू-जलस्तरमा भईरहेको ह्रासलाई भुमिगत पुर्नभरण (Ground Water Recharge) गर्न अध्ययन अनसुन्धान गरी सोको प्रतिवेदनको आधारमा व्यवस्थापन कार्यलाई प्राथिमकता साथ कार्यान्वयन गरिनेछ ।
५. नदीनालाहरूबाट ढुङ्गा, गिट्टी, वालुवाको अव्यविस्थत र अत्यधिक दोहनलाई नीतिगत तवरबाट व्यविस्थत गरिनेछ र चुरे क्षेत्रमा जलाशय निर्माण तथा मर्मत संभार गरी माटो कटान कार्यलाई नियन्त्रण, पुनर्भरण र भुमिगत जलस्तर (Ground Water Level) लाई उठाउने कार्य गरिनेछ ।
६. जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।
७. घरघरमा स्वच्छ खानेपानी पुर्याउने अभियानलाई निरन्तरता दिइनेछ र “राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२” कार्यान्वयन गरी जिल्ला स्थित डिभिजन, सब-डिभिजन खानेपानी कार्यालयहरूमा खानेपानी गुणस्तर परीक्षण प्रयोगशालाको स्थापना र सुदृढीकरण गरिनेछ ।
८. स्वच्छ खानेपानीको सुविधा पुर्याउन “निर्मल जल घर घर नलजल” खानेपानी योजनालाई स्थानीय सरकार र सरोकारवालाहरूको समन्वय र सहकार्यमा प्राथिमकता साथ संचालन गरिनेछ ।
९. वातावरणीय सरसफाई एवम् स्वच्छता प्रवर्द्धन गर्न दिगो वातावरणीय सरसफाई कार्यक्रम अन्तर्गत जनचतेना अभिवृध्दि र सार्वजिनक शौचालय निर्माण र मर्मत संभार गरिनेछ ।
१०. प्रदेश सरकारले आत्मसात गरेको “हाम्रो प्रदेश, उज्यालो प्रदेश” को नारालाई सार्थकता प्रदान गर्न बैकल्पिक उर्जालाई सार्वजिनक निजी साझेदारी नीति अन्तर्गत प्रवर्द्धन गरिनेछ ।



मधेश प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

पूर्वाधार विकास कार्यालय रौतहट

गौर, रौतहट, नेपाल

पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरुको संरक्षण गर्नु हामी सबैको दायित्व हो । मधेश प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले धेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।

**त्यसैले**:

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालन गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्वस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-वायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्ड अनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-वायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

# गाजाका बालबालिकामा छालासम्बन्धी रोगको भयानक सङ्क्रमण

एएफपी

देइर एल-बालाह । विश्व स्वास्थ्य सङ्गठनका अनुसार गत अक्टोबर ७ मा इजरायल-हमास युद्ध सुरु भएयता प्यालेस्टाइनी क्षेत्रमा एक लाख ५० हजारभन्दा बढी व्यक्ति छालासम्बन्धी रोगबाट पीडित भएका छन् ।

सङ्क्रमित हुनेमा अधिकांश बालबालिका र बूढाबूढी रहेको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ । वफा एलवानका पाँच वर्षीय छोरा आक्रमणबाट घर क्षतविक्षत बनेपछि टेन्टमा बस्न थालेको निकै महिना भइसक्यो । उनलाई दिनमा पनि रातमा पनि सुत्नलाई समस्या भइरहेको छ तर द्वन्द्वरत गाजाको 'टेन्ट शहर' मा एलवान र उहाँका सात बच्चाहरू आश्रय लिइरहेका छन् र उनीहरू सुत्न नसक्नुको कारण युद्धको बन्दुक होइन ।

"मेरो छोरो रातभरि निदाउन सक्दैन किनभने उसले छालासम्बन्धी रोगका कारण आफ्नो शरीरलाई स्थिर राख्न सक्दैन," चिन्तित आमा एलवानले भन्नुभयो । बालकको पैताला र खुट्टाको माथिल्लो भागमा सेतो र रातो धब्बाहरू छन् । उसको टी-शर्ट मुनि यस्ता धेरै धब्बा छन् । उनी छालाको सङ्क्रमण, ठेउला, लुतो, घमौरा, जुकालगायत अन्य दुर्बल समस्याबाट पिडित धेरै गाजावासीहरूमध्ये एक हुन् ।"हामी भुइँमा सुत्छौं, बालुवामा सुत्छौं, जहाँ कीराहरू बाहिर निस्कन्छन्," एलवानले भन्नुभयो । उहाँको परिवार मध्य गाजा शहर देइर अल-बलाहको नजिक समुद्रको नजिक बलौटे टुक्रामा बस्ने हजारौं विस्थापितमध्ये एक हो ।

एलवानका` विचारमा सङ्क्रमण अवश्यम्भावी छ । उहाँले भन्नुभयो, "हामी आफ्ना छोराछोरीलाई पहिलेजस्तो नुहाउन सक्दैनौं । त्यहाँ हात, खुट्टा र शरीर धुन र



सफा गर्नको लागि चाहिने कुनै उत्पादनहरू छैनन् । यहाँ केही पनि छैन ।" आमाबाबुले आफ्ना छोराछोरीलाई भूमध्यसागरमा नुहाउन भन्थे । तर युद्धले आधार भूत सुविधाहरू ध्वस्त पार्दा उत्पन्न भएको प्रदूषणले रोगको

"मेरो छोरो रातभरि निदाउन सक्दैन किनभने उसले छालासम्बन्धी रोगका कारण आफ्नो शरीरलाई स्थिर राख्न सक्दैन," चिन्तित आमा एलवानले भन्नुभयो ।

जोखिम बढाएपछि समुद्रमा नुहाउने सम्भावना पनि छैन । सबै फोहोर र प्रदूषित बनेको छ ।"समुद्र सबै ढल हो । उनीहरूले फोहोर (दिसा) र बच्चाको दिसा सफा गरेका टालाहरू पनि समुद्रमा फ्याँक्छन्," उहाँले भन्नुभयो ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार गाजामा युद्ध सुरु भएयता लुतो र जुकाका ९६ हजार ४१७, ठेउलाका नौ हजार २७४, छालामा विविध कारण भएका घाउ र त्यसमा भएका सङ्क्रमणको भयाबह अवस्थासम्बन्धी ६० हजार १३० र 'इम्पेटिगो' का १० हजार ३८ घटना भेटिएका छन् ।देइर अल-बलाह शिविरमा अस्थायी क्लिनिक सञ्चालन गर्ने फार्मासिस्ट सामी हमिदका अनुसार विशेष गरी तटीय प्यालेस्टिनी क्षेत्रमा लुतो र ठेउलाको माहामारी नै छ । क्लिनिकमा दुई जना केटाहरूले आफ्नो हात, खुट्टा, ढाड र पेटमा दर्जनौं ठेउलाका दाग र फोकाहरू र लुतो र यसले बनाएका घाउहरू देखाए ।

औषधिको अभावमा ४३ वर्षीय हमिदले केटाहरूको छालामा 'क्यालामाइन लोसन' दल्दै उपचार गरिदिनुभयो । यो उक्त समस्या निको पार्नका लागि नभई शितलताका लागि गरिएको उपचार थियो । अन्य औषधि नभएपछि खास उपचार गर्न सम्मभव नभएको उहाँले बताउनुभयो । "तातो मौसम र सफा पानीको कमीले बालबालिकाको छालामा सङ्क्रमण फैलिने गरेको छ," उहाँले भन्नुभयो ।

गाजाका डक्टर्स विदाउट बोर्डर्स (एमएसएफ) का मेडिकल कोअर्डिनेटर मोहम्मद अबु मुगाइसिबले एएफपीसँग भन्नुभयो, "बालबालिका भनेका खेलप्रिय र अन्जान हुन्छन् । उनीहरू बाहिर खेल्छन्, कुनै पनि चीज छुन्छन्, कतिपय खानेकुरा नधोइकन खान्छन् ।"अबु मुगैसीबका अनुसार तातो मौसमले पसिना र फोहोर जम्मा हुने सम्भावना बढी हुन्छ जसले लुतो, एलर्जी र छालाजन्य अन्य रोगको सङ्क्रमणको सम्भावना लाई बढाउँछ । उहाँले भन्नुभयो, "मानिसहरू अहिले घरमा बसिरहेका छैनन्, उनीहरू बसेका स्थानमा सरसफाइको उचित व्यवस्था छैन ।"

एमएसएफ चिकित्सकहरूले यस्तो बसाइका कारण लामखुट्टे तथा अन्य किराहरूको टोकाइबाट हुने 'लेशमेनियासिस' को सम्भावना बढ्छ । भद्रगोल बसाइमा यसले सबैभन्दा खतरनाक र घातक छालाजन्य समस्या ल्याउन सक्छ । उहाँले भन्नुभयो, "गाजाका बालबालिकाहरू पहिलेदेखि नै रोगको उच्च जोखिममा रहेका छन् । कुपोषणका कारण उनीहरूको प्रतिरक्षा प्रणालीमा सम्झौता भएको छ ।" फार्मेसिस्ट हमिदका अनुसार उनको टोलीले हालै एउटा अस्थायी विद्यालयको भ्रमण गरेको थियो, जहाँ १५० मध्ये २४ जना विद्यार्थीमा खटिराको समस्या थियो ।

"तीमध्ये केहीलाई छालाको सङ्क्रमण भएको छ र दुर्भाग्यवश यी सङ्क्रमणहरू उनीहरूमा फैलिरहेका छन्," एक अस्थायी टेन्ट विद्यालयका शिक्षक ओला अल-कुलाले एएफपीसँग बताउनुभयो । खराब स्वच्छता (प्रदूषण) को कारण अन्य रोगहरू पनि विस्थापितहरूबीच शिविरमा फैलिरहेको छ ।हमिदले भन्नुभयो, "यहाँका शौचालयहरू आदिम छन्, टेन्टहरूको बीचमा च्यानलहरूमा बगिरहेका छन्, जसले अन्ततः महामारी फैलाउन सहयोग गर्छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार झाडापखालाका ४ लाख ८५ हजार बिरामी भेटिएका छन् ।संयुक्त राष्ट्रसङ्घले मंगलबार गाजामा करिब २४ लाख जनसङ्ख्यामध्ये १९ लाख मानिस विस्थापित भएको जनाएको छ ।अक्टोबर ७ मा हमासले दक्षिणी इजरायलमा गरेको आक्रमणबाट युद्ध सुरु भएको र यसको बदलामा इजरायलले गाजामा गरेको सैन्य कारबाहीका कारण गाजामा छालाजन्य रोगबाहेक अन्य सङ्क्रमणजन्य समस्या पनि विकराल अवस्थामा रहेको विवरणहरू सार्वजनिक भइरहेका छन् ।

# एआई पेटेन्ट दर्तामा चीन अग्रणीः राष्ट्रसंघ




एएफपी

जेनेभा । अत्याधुनिक जेनेरेटिभ आर्टिफिसियल इन्टेलिजेन्स (जेनएआई) को प्रयोगबाट गरिएका आविष्कार हरूको अन्तर्राष्ट्रिय पेटेन्ट दर्तामा चीन अग्रणी रहेसँगै यसको सङ्ख्या छ वर्षमा आठ गुणाले बढेको संयुक्त राष्ट्रसङ्घले बुधबार जनाएको छ ।

सन् २०२३ सम्मको दशकमा जेनएआई आविष्कारका लागि कुल ५४ हजार पेटेन्ट दर्ता गरिएको राष्ट्रसङ्घीय विश्व बौद्धिक सम्पत्ति सङ्गठन (डब्ल्युआइपिओ) ले आफ्नो नयाँ प्रतिवेदनमा जनाएको छ । तीमध्ये २५ प्रतिशत गत वर्ष मात्रै दर्ता गरिएको थियो । कथित जेएनएआई जसमा प्रशिक्षित कम्प्युटर प्रोग्रामहरूले सरल तरिकाले सेकेन्डभरमा भिडियो, सङ्गीतदेखि कम्प्युटर कोडसम्म सबै कुरा सिर्जना गर्दछ र यो प्रविधिको क्षेत्रमा ठूलो उपलब्धि रहेको डब्ल्युआइपिओका प्रमुख डारेन टाङले भन्नुभयो ।

जेनएआई पेटेन्टले अझै पनि विश्वव्यापी रूपमा सम्पूर्ण एआई पेटेन्टको छ प्रतिशत मात्र प्रतिनिधित्व गर्दछ तर यसको संख्या द्रुत गतिमा बढिरहेको छ । डब्ल्युआइपिओका अनुसार जेएनएआई पेटेन्टहरू सन् २०१७ पछि आठ गुणाले बढेका छन् । "यो एउटा उदीयमान क्षेत्र हो", डब्ल्युआइपिओका पेटेन्ट एनालिटिक्स प्रबन्धक क्रिस्टोफर ह्यारिसनले जेनेभामा पत्रकारहरूलाई भन्नुभयो ।यो प्रविधिले च्याटजिपिटी र गुगलको जेमिनी जस्ता च्याटबोटहरूको विकाससहित औद्योगिक र उत्पादनको दायरालाई फराकिलो बनाइरहेको छ ।

यसले औषधिहरूको विकासका लागि नयाँ अणुहरू पत्ता लगाउनुका साथै नयाँ उत्पादनको विकास सक्षम पार्ने जस्ता काम पनि गर्नसक्छ । डब्ल्युआइपिओको प्रतिवेदनले अहिलेसम्म अधिकांश जेएनएआई पेटेन्ट चीनबाट दायर गरिएको थियो भनी निर्धारण गरेको छ । सन् २०१४ देखि २०२३ को बीचमा त्यस देशबाट ३८ हजारभन्दा बढी जेएनएआई आविष्कार दर्ता भएको प्रतिवेदनले देखाएको छ ।यो संयुक्त राज्य अमेरिकाभन्दा छ गुणाले बढी हो । अमेरिकामा छ हजार दुई सय ७६ पेटेन्ट दर्ता भएसँगै दोस्रो स्थानमा रहेको छ ।

दक्षिण कोरियामा चार हजार एक सय ५५ र जापान तीन हजार चार सय नौ जेनएआई पेटेन्ट दर्ता हुने तेस्रो स्थानमा रहेको छ ।एक हजार तीन सय ५० जेनएआई पेटेन्टहरू दर्ता गरिएको भारतमा ५६ प्रतिशतको उच्चतम औसत वार्षिक वृद्धि दर देखिएको डब्ल्युआइपिओले जनाएको छ ।जेएनएआईका अधिकांश शीर्ष आवेदक चिनियाँ आविष्कार रहेका छन् । जसमा टेनसेन्ट शीर्षमा छ, त्यसपछि पिङ एन इन्स्युरेन्स, बाइदु र चाइनिज एकेडेमी अफ साइन्सेज छन् ।

त्यसैगरी, आइबीएम पाँचौं स्थानमा रहेको देखिन्छ । चीनको अलिबाबा, दक्षिण कोरियाको सामसुङ इलेक्ट्रोनिक्स र गुगलको मूल कम्पनी अल्फाबेट, चिनियाँ कम्पनी बाइटडान्स रहेको शीर्ष १० को सूचीमा माइक्रोसफ्टले अन्तिम स्थान लिएको छ । डब्ल्युआइपिओको प्रतिवेदनले अणु, जिन र प्रोटिनमा आधारित तथ्याङ्क प्रयोग गरेर जेएनएआई पेटेन्टहरू तीव्र गतिमा बढिरहेको पनि पत्ता लगाएको छ । सन् २०१४ देखि करिब एक हजार पाँच सय आविष्कारको पेटेन्ट दर्ता भएको यसको विगत पाँच वर्षमा औसत ७८ प्रतिशतले वार्षिक वृद्धि भएको प्रतिवेदनले जनाएको छ ।

# इजरायली निर्देशनपछि राष्ट्रसङघीय मानवीय सहयोग समूह चिन्तित

सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ ।संयुक्त राष्ट्रसङ्घीय मानवीय सहयोग समूहले मङ्गलबार खान युनूस र राफाह प्रान्तको ११७ वर्ग किलोमिटर क्षेत्र खाली गर्न दशौं हजार गाजावासीलाई आदेश दिएको भन्दै यसप्रति गहिरो चिन्ता व्यक्त गरेका छन् ।

मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (ओसिएचए) ले पछिल्लो नौ महिनामा वस्ती खाली गर्न दिइएको आदेशबाट प्रभावित गाजावासीहरू बारम्बार विस्थापित भएको बताएको छ । गाजा पट्टीको लगभग एक तिहाइलाई समेट्ने सोमबारको निर्देशन उत्तरी गाजा खाली गर्ने अक्टोबरको आदेशपछिको सबैभन्दा चिन्ताजनक बिषय हो ।

ओसिएइचएले यति ठुलो मात्रामा निकासीले नागरिकहरूको पीडा बढाई मानवीय आवश्यकता अझ बढाउने जनाएको छ । विस्थापितसँग दोस्रो वा तेस्रो पटक बसाइँ सर्ने असम्भव विकल्प नभएको जनाउदै कुनै ठाउँ वा सेवाहरू भएका क्षेत्रमा भारी लडाई हुने क्षेत्रमा बस्ने सम्भावना नभएको मानवीय सहायताकर्मीले उल्लेख गरेका छन् । युएनआरडब्लुए (प्यालेस्टाइन शरणार्थीहरूका लागि संयुक्त राष्ट्र राहत र कार्य निकाय) को



प्रारम्भिक अनुमानले आदेशको समयमा विस्थापित रहेका क्षेत्रमा लगभग दुई लाख ५० मानिसहरू बसोबास गरेको हुनसक्ने सङ्केत गरेको छ । नयाँ आदेशले ९० भन्दा बढी विद्यालयहरूलाई असर गरेको छ । आदेश कार्यान्वयनले धेरै विस्थापित मानिसका साथै चार मेडिकलस्थल र युरोपेली गाजा अस्पताल क्षेत्रलाई प्रभावित पर्छ । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले सोमबार ७० जना बिरामी र मेडिकल स्टाफलाई स्व-निकासी गरिएको र मङ्गलबार थप बिरामीलाई बाहिर निकालिएको बताएको छ । अधिकृत प्यालेस्टिनी क्षेत्रका लागि डब्ल्यूएचओका प्रतिनिधि रिक पिपरकोर्नले युरोपेली गाजा अस्पतालमा तीन जना र रेडक्रस फिल्ड अस्पतालको अन्तर्राष्ट्रिय कमिटीमा तीन जना बिरामी मात्र बाँकी रहेका छन् ।रासस

# अमेरिकाले युक्रेनलाई थप २.३ अर्ब डलर सैन्य सहयोग गर्ने

एएनआई

वासिङ्टन डीसी ।संयुक्त राज्य अमेरिकाले चाँडै युक्रेनका लागि २.३ अर्ब डलर भन्दा बढी सैन्य सहयोगको घोषणा गर्ने अमेरिकी रक्षा सचिव लोयड अस्टिनले मङ्गलबार बताउनुभएको छ ।

"राष्ट्रपति ड्रडाउन प्राधिकरणअन्तर्गतको यो प्याकेजले नयाँ हवाई रक्षा इन्टरसेप्टर, एन्टी-ट्याङ्क हतियार र अमेरिकी इन्भेन्टरीबाट अन्य महत्वपूर्ण हतियारहरू प्रदान गर्नेछ," अस्टिनले युक्रेनी रक्षामन्त्री रूस्टेम उमेरोभसँगको बैठकमा बताउनुभएको हो । यस वर्षको सुरुमा युक्रेनमा लगभग ६१ अर्ब अमेरिकी डलर सहयोग स्वीकृत गर्ने कानुन काङ्ग्रेसले पारित गरेदेखि अमेरिकाले युक्रेनका लागि नियमित प्याकेजहरू



घोषणा गर्दै आएको सिएनएनले जनाएको छ । अमेरिकाले हालै युक्रेनलाई हवाई रक्षा क्षमता प्राप्त गर्ने सूचीमा अन्य देशभन्दा शीर्ष स्थानमा राखेको छ ।

"यदि हाम्रा कुनै पनि साझेदार युक्रेनको अहिले जस्तो अवस्थामा थिए भने हामी उनीहरूलाई मद्दत गर्न हरसम्भव प्रयास गर्ने थियौ । अहिले युक्रेनलाई मद्दतको खाँचो छ," ह्वाइट हाउसका एक अधिकारीले सिएनएनसँग भन्नुभयो । यो घोषणा अमेरिका र युक्रेनले दीर्घकालीन द्विपक्षीय सुरक्षा सम्झौतामा हस्ताक्षर गरेको केही हप्तापछि आएको हो जसमा अमेरिकाले युक्रेनको सशस्त्र सेनालाई १० वर्षको प्रशिक्षण दिने, सैन्य सहयोग प्रदान गर्ने र गुप्तचर साझेदारी बढाउने प्रतिबद्धता जनाएको छ ।

अस्टिनले अमेरिकाले 'युक्रेनका लागि नेटो सदस्यता प्राप्तिका लागि पुल निर्माण गर्न सहयोग गर्ने' पनि बताउनुभयो । घोषणापछि उमेरोभले अस्टिनलाई उहाँको समर्थनका लागि धन्यवाद दिनुभयो । साथै युक्रेन भविष्यको नेटो सदस्य बन्ने सम्भावनाबारे छलफल गर्न इच्छुक रहेको बताउनुभयो ।

"आशा छ, युक्रेनले चाँडै नै यसको निमन्त्रण प्राप्त गर्नेछ," नेटोबारे रक्षामन्त्री उमेरोभले भन्नुभयो ।

# राष्ट्रपति पुटिन र सीबीच प्रभाव जमाउने होडबाजी

एएफपी

अस्ताना । रूस र चीनका नेताहरू पश्चिमी विरोधी गठबन्धनलाई कडा बनाउन र रणनीतिक मध्य एसियाली क्षेत्रमा आफ्नो प्रभाव बढाउन बुधबार कजाकस्तानमा क्षेत्रीय शिखर सम्मेलनका लागि पुगेका थिए ।

रूसका राष्ट्रपति भ्लादिमिर पुटिन मध्य एसिया, भारत र इरानलाई समेट्ने बेइजिङ नेतृत्वको क्षेत्रीय समूह साङ्घाई कोअपरेसन अर्गनाइजेसन (एससीओ) को बैठकमा भाग लिन बुधबार बिहान कजाकस्तानको राजधानी अस्ताना पुग्नुभएको थियो ।

रूसले सन् २०२२ को फेब्रुअरीमा युक्रेनमाथि आक्रमण सुरु गरेयता मस्को र बेइजिङबीचको राजनीतिक, सैन्य र आर्थिक सम्बन्ध प्रगाढ बनेको छ ।मङ्गलबार कजाकस्तान पुगेका चिनियाँ नेता सी चिनफिङसँगै यो जोडीले एससीओलाई युरेशियामा आफ्नो रणनीतिक हितलाई अगाडि बढाउने महत्वपूर्ण मञ्चका रूपमा हेरेका छन् ।

क्रेमलिनका सहयोगी युरी उशाकोभले पुटिनको आगमनअघि रूसी सरकारी सञ्चारमाध्यमसँग भन्नुभयो, "हामी यस सङ्गठनभित्र साझेदारी सहयोगलाई ठूलो महत्व दिन्छौं ।"रूस र चीन दुवैले विश्व मञ्चमा अमेरिकी नेतृत्वको 'आधिपत्य' को विरोध गर्दै आएका छन् ।

चीनको विदेश मन्त्रालयका प्रवक्ता माओ निङले यसै साताको सुरुमा एससीओ शिखर सम्मेलनले "सबै पक्षबीच थप सहमति निर्माण गर्न र सदस्य राष्ट्रहरूको सुरक्षा, स्थिरता र विकासलाई बढावा दिन योगदान गर्न' र ' विश्वमा दिगो शान्ति र साझा समृद्धि' लाई अगाडि बढाउन मद्दत गर्ने विश्वास व्यक्त गरेका थिए । रूसले युक्रेनमाथि आक्रमण गर्नुभन्दा



केही दिनअघि नै 'सीमा विहिन' रणनीतिक साझेदारी गरे पनि मस्को र बेइजिङ मध्य एसियाली क्षेत्रमा प्रभाव जमाउने ऐतिहासिक प्रतिद्वन्द्वी रहँदै आएका छन् ।कजाखस्तान, किर्गिस्तान, ताजिकिस्तान, तुर्कमेनिस्तान र उज्बेकिस्तान पूर्व सोभियत गणतन्त्र हुन् र रूससँग ऐतिहासिक सांस्कृतिक, भाषिक र आर्थिक सम्बन्ध छ ।तर चीनको बढ्दो आर्थिक शक्ति र यस क्षेत्रमा व्यापक लगानीले रूसी प्रभावलाई चुनौती दिएको छ ।

चीनको अन्तर्राष्ट्रिय रणनीतिक परियोजना बेल्ट एण्ड रोड अन्तर्राष्ट्रिय पूर्वाधार विकासका लागि मध्य एसिया महत्वपूर्ण छ ।

यो क्षेत्र प्राकृतिक स्रोतहरूमा धनी छ र चीन र युरोपबीच मालसामानको हवाइ यातायातको लागि महत्त्वपूर्ण छ ।युक्रेनविरुद्ध रूसको युद्धलाई अन्य शक्तिराष्ट्रका लागि मस्कोसँग परम्परागत रूपमा गाँसिएको क्षेत्रमा प्रवेश गर्ने अवसर सिर्जना गर्ने अवसरका रूपमा पनि हेरिएको छ ।अति बन्द तुर्कमेनिस्तान एससीओको सदस्य होइन, तर भारत, इरान र पाकिस्तानसँगै अन्य चार राष्ट्र यसका सदस्य हुन् ।नौ सदस्यीय समूहमा टर्की र खाडीका केही मुलुकजस्ता १४ 'संवाद साझेदार' छन् ।

मञ्चको मुख्य सत्रसँगै क्रेमलिनले पुटिनले शिखर सम्मेलनमा टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानलाई पनि सहभागी गराउने गरी केही नेतासँग द्विपक्षीय भेटवार्ता गर्ने योजना बनाएको जनाएको छ ।नेटो सदस्य राष्ट्र टर्कीले युक्रेन युद्धमा आफूलाई सम्भावित मध्यस्थकर्ताका रुपमा प्रस्तुत गरिरहेको छ ।सन् २०२३ को शिखर सम्मेलनमा रुसको निकट सहयोगी बेलारुसले एससीओको सदस्य बन्ने बताएपछि बैठकमा सहभागी हुने अपेक्षा गरिएको छ ।संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले पनि बिहीबार दुई दिने शिखर सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम छ ।

# सिटिजन्स बैंक र भवानी हस्पिटल बीच समझदारी

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड रवीरगंज, पर्सा स्थित श्री भवानी हस्पिटल एण्ड रिसर्च सेन्टर बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले श्री भवानी हस्पिटल एण्ड रिसर्च सेन्टरमा १५% सम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।




बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ।

डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्तगर्न सकिनेछ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १९३ वटा शाखा, १५६ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७ लाख ६० हजार ग्राहक वर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ । हाल ५६ जिल्लामा आफ्नो सेवा प्रदान गर्दै आएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ४ शाखाहरु विस्तार गरेर आगामी दिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्नेछ।

# नेप्से परिसूचक सामान्य अङ्कले बढ्यो

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ। बुधबार नेप्से परिसूचक तीन दशमलव ७९ अङ्कले बढेर दुई हजार एक सय चार दशमलव २२ को अङ्कमा कायम भएको हो।

बुधबार तीन सय १४ कम्पनीको एक करोड ७१ लाख ३४ हजार ८२ कित्ता शेयर ६१ हजार एक सय ९९ पटक खरिद बिक्री हुँदा कारोबार रकम रु पाँच अर्ब आठ करोड ३५ लाख २८ हजार नौ सय ३५ बराबर पुगेको छ।

बुधबारको कारोबारमा व्यापार समूहको सूचक सबैभन्दा धैरै छ दशमलव १२ र वित्त समूहको सूचक छ दशमलव ०४ प्रतिशतले बढेको छ। बैंकिङ शून्य दशमलव ६३, विकास बैंक दुई दशमलव ७१ र लगानी शून्य दशमलव १८ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । होटल तथा पर्यटन शून्य दशमलव १९, जलविद्युत् शून्य दशमलव ६८, जीवन बीमा शून्य दशमलव २५, उत्पादन तथा प्रशोधन एक दशमलव ०७, लघुवित्त शून्य दशमलव १४, म्युचुअल फण्ड शून्य दशमलव ०९, निर्जीवन बीमा शून्य दशमलव २३ र अन्य समूह शून्य दशमलव ६७ प्रतिशतले घटेको छ।

सेन्ट्रल फाइनान्स कम्पनी लिमिटेड र आइसीएफसी फाइनान्स लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धैरै गुमाउनेमा भने चिर्खुवा हाइड्रोपावर लिमिटेडको शेयर मूल्य चार दशमलव ७० प्रतिशतले घटेको छ ।कारोबार रकमका आधारमा बुधबार सबैभन्दा धैरै मञ्जुश्री फाइनान्स लिमिटेडको रु २३ करोड एक लाख ७७ हजार सात सय ७४ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धैरै एनएमबी-५० को ३८ लाख १४ हजार आठ सय १५ कित्ता शेयर किनबेच भएको छ ।रासस

# रासायनिक मलको निर्भरता हटाउन स्वदेशमै जैविक मल उत्पादन गरिँदै

काठमाण्डु । मुलुकमा रासायनिक मल उत्पादन गर्ने कारखाना नभएकाले कृषि तथा पशुपक्षी विकास मन्त्रालयमार्फत अनुदानमा अन्तर्राष्ट्रिय बजारबाट आयात गरेर किसानसम्म पुर्याइने गरिएको छ। किसानले खुला सीमापारिका बजारमा सहज रूपमा रासायनिक मल पाउने तथा अवैधानिक व्यापारबाट पनि भित्रिने गरेकाले सरकारले विसं २०६५ चैत १२ गतेदेखि अनुदानमा अन्तर्राष्ट्रिय बजारबाट आयात गरेर किसानसम्म पुर्याउने निर्णय लिएको थियो ।

कृषि सामग्री कम्पनी लिमिटेडका सूचना अधिकारी पुण्यप्रसाद उपाध्यायका अनुसार यस वर्षका लागि मल मौज्दात रहेको बताउँदै थप मल आयात हुने प्रतियामा रहेकाले अभाव नहुने जानकारी दिनुभयो । जैविक (कम्पोष्ट) मल ठूलो मात्रामा उत्पादन भएर सहज ढुवानी गर्नसके किसानले थप प्रतिफल प्राप्त गर्न सक्ने उहाँले बताउनुभयो।"सरकारी प्रयासमा एकपटक जैविक मल (भर्मिक कम्पोष्ट) उत्पादन र वितरणको प्रयास भएको थियो तर त्यो सफल भएन", उपाध्यायले भन्नुभयो, "ठूलो मात्रामा नियमित माग हुने भएकाले निजी क्षेत्रबाट उत्पादन हुने जैविक मल प्रयोगमा आउनुलाई सकारात्मक मान्न सकिन्छ । किसानका मागका आधारमा यसको उत्पादन र ढुवानी भने भएको छैन।"

कम्पनीका अनुसार मुलुकमा हाल २६ हजार मेट्रिक टन युरिया मल मौज्दात छ भने ३० हजार मेट्रिक टन युरिया आउने प्रक्रियामा छ। डिएपी मल १२ हजार मेट्रिक टन मौज्दत रहेको जनाउँदै कम्पनीका सूचना अधिकारी उपाध्यायले थप ३५ हजार आयात गरिएको बताउनुभयो । उहाँका अनुसार पोटास मल सात हजार मेट्रिक टन मौज्दात छ।

कृषिप्रधान नेपालमा रासायनिक मलको बढ्दो मागका कारण बर्सेनि आयात बढाउनुपर्ने बाध्यता रहनुका साथै रासायनिक मलको प्रयोगले माटोको उर्वराशक्ति खेर गइरहेको उहाँको भनाइ छ । वैदेशिक व्यापारघाटालाई सन्तुलित तुल्याउन सरकारले नीतिगत व्यवस्था



गरेकाले निजी क्षेत्रको लगानीमा स्वदेशमै जैविक मल उत्पादन सुरु गरिएको उहाँले जानकारी दिनुभयो।

धनुषाको धनुषाधाम नगरपालिका-३ स्थित 'आरोह फर्टिलाइजर्स प्रालि'ले किसानको जैविक मलको मागलाई ध्यानमा राखी गत आइतबारदेखि आफ्नो उत्पादनलाई बजारमा पठाउन थालेको छ। स्वदेशका अधिकांश कच्चा पदार्थको प्रयोगबाट जैविक दानेदार र तरल मल उत्पादन गरेको प्रालिका कार्यकारी अध्यक्ष शैलेन्द्रशम्शेर राणाले जानकारी दिनुभयो । उहाँका अनुसार कम्पनीले 'हरियो नेपालतर्फ एक पाइला' भन्ने अवधारणाअनुरुप वातावरणमैत्री र माटोमा उर्वराशक्ति बढाउने मल बजारमा पठाउन थालेको हो ।

हिमाल, पहाड र तराई क्षेत्रका विभिन्न ठाउँका माटोको परीक्षणपछि उपयुक्त प्रमाणित भएसँगै मल बजार पठाउन थालिएको राणाले बताउनुभयो। रासायनिक मलको जथाभावी प्रयोगले जमिनको उर्वराशक्ति नष्ट हुने मात्र नभई मानव स्वास्थ्यमा समेत प्रतिकूल असर परेको भन्दै मलमा हुने परनिर्भरतालाई घटाउन जैविक मल उत्पादन गरिएको उहाँको भनाइ छ।

प्रालिका प्रबन्ध निर्देशक आङकामी लामाले उद्योगले कच्चा पदार्थ सहज उपलब्धता भएसँगै मलको मागलाई दृष्टिगत गरी वार्षिक रूपमा ३० हजार मेट्रिक टनसम्म जैविक मल उत्पादन गर्ने योजना बनाएको जानकारी दिनुभयो । उत्पादित जैविक मलको प्रयोगले जमिनको उर्वराशक्ति पाँच वर्षमा पुरानै अवस्थामा पुर्याउने, कृषि उत्पादन बढाउने र उत्पादित वस्तु सम्पूर्ण हिसाबले अर्ग्यानिक हुने उहाँले दाबी गर्नुभयो ।

जैविक मलको प्रयोगले माटोमा पोषण तत्व बढाउनाका साथै माटोका प्राकृतिक गुण जोगाउन सहयोग पुग्ने प्रबन्ध निर्देशक लामाले बताउनुभयो । उहाँका अनुसार कम्पनीले हाल छ किसिमका झोल मल, चार किसिमका दानेदार मल र दुई किसिमका जैविक किटनाशक औषधि उत्पादन गरिरहेको छ ।कम्पनीका कार्यकारी निर्देशक सवार्थशम्शेर जबराले नेपाली कृषकले बालीनाली लगाउने मनसुनमा सधैँ रासायनिक महलको हाहाकार भोग्नुपरेको घटनालाई सम्बोधन गर्न आधुनिक प्रविधिबाट मुलुकको माटो र हावापानी सुहाउँदो बायो अर्ग्यानिक (जैविक) मल उत्पादनमा जोड दिइएको बताउनुभयो।

उहाँका अनुसार जैविक मलका लागि आवश्यक मुख्य कच्चा पदार्थ गाईवस्तुको गोबर भएकाले उद्योगले स्थानीय सङ्कलनका अतिरिक्त सिरहा, सर्लाही, महोत्तरीका साथै काभ्रे, भक्तपुर, काठमाडौँलगायत स्थानबाट गोबर सङ्कलन गर्दै आएको छ । जैविक मलका लागि गोबर बेचेर पशुपालक किसान पनि लाभान्वित भएका उहाँले बताउनुभयो ।

प्रालिले बायो गेडा मल प्रतिकिलो रु ७० र झोल मल प्रतिलिटर रु छ सय ५० बजार मूल्य तोकिएको छ । "दानेदार मल एक कठ्ठा जमिनका लागि एक बोरा चाहिन्छ भने एक लिटर तरल मलले पहाडमा आाठ रोपनी र तराईमा १२ कठ्ठामा पर्याप्त हुन्छ", कार्यकारी निर्देशक जबराले भन्नुभयो ।बायो मल धान, मकै, गहुँ र तरकारीका अतिरिक्त स्याउ, चिया, उखु, अलैँची, केरा, किबी, तर्बुजाका लागि फलदायी हुने उहाँको दाबी छ। यसको प्रयोगबाट उत्पादित वस्तु अर्ग्यानिक भएकाले लामो समयसम्म टिक्ने कम्पनीले जनाएको छ।

उद्योगका लागि आवश्यक ९० प्रतिशत कच्चा पदार्थ मुलुकमा उपलब्ध हुन्छ भने विशेष प्रकारको माटोसहितका केही कच्चा पदार्थ भारतबाट आयात गर्नुपर्ने बाध्यता रहेको कार्यकारी निर्देशक जबराले बताउनुभयो ।बजारमा आउनुअघि मुस्ताङका स्याउ बगानदेखि इलामको चिया र अलैँचीका लागि माग भइसकेको प्रालिले जनाएको छ । किटनाशक औषधिको अन्धाधुन्ध प्रयोग र अत्यधिक रासायनिक मलको प्रयोगबाट उत्पादित वस्तु खानाले क्यान्सरलगायत घातक रोग निम्त्याएको पाइन्छ।

विभिन्न बायो उद्योगबाट खेर गइरहेको पदार्थ मल उत्पादनमा कच्च पदार्थका रूपमा प्रयोग गर्न सकिन्छ । कृषि तथा पशुपक्षी मन्त्रालयका पूर्वसचिव डा योगेन्द्र कार्कीले जैविक मलको प्रयोगले माटो नबिगार्ने र उर्वराशक्ति बढाउने बताउनुभयो। "यो मलको प्रयोगले साधारण अवस्थामा कृषि उत्पादन वृद्धि हुन्छ । जथाभावी रासायनिक मलको प्रयोगबाट उर्वराशक्ति गुमेको माटोलाई पहिलकै अवस्थामा पुर्याउन सहयोग हुँछ", उहाँले भन्नुभयो ।रासस

मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
## पूर्वाधार विकास कार्यालय पर्सा
बीरगंज, पर्सा, नेपाल

## पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरुको संरक्षण गर्नु हामी सबैको दायित्व हो । मधेश प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले धेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ। तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ।

**त्यसैले**:

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालन गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्वस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-वायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्ड अनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्र्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-वायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

मधेश सरकार
उर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय
## भुमिगत, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय
बिरगंज, पर्सा, नेपाल

## जनहितमा जारी सूचना

- शिवालिक-चुरे क्षेत्रभित्रका नदीहरुलाई एक आपसमा जोड्ने योजना (River Linking Project ) को अध्ययन अनुसन्धान गरी सम्भाव्य भएका बहुउद्देश्यीय आयोजना (खानेपानी, सिंचाई नहर, भूमिगत जल पुनर्भरण, पर्यटन प्रवर्द्धन, लघु जलविद्युत समेत) लाई उच्च प्राथमिकतामा राखी प्रदेश गौरवको आयोजनाको रूपमा कार्यान्वयन गरिने छ।
- सौर्य ऊर्जाबाट संचालन हुने भूमिगत सिंचाई कार्यक्रमलाई नगदेवालीको प्रवर्द्धन गर्न किसान केन्द्रित कार्यक्रमको रूपमा आवश्यकता पहिचान गरी कार्यान्वयन गरिने छ।
- सतह सिंचाईमा पहुँच नभएका खेतीयोग्य जग्गाहरू तथा नगदेबाली सम्भाव्य क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रमा नविन प्रविधिमा आधारित सिंचाई कार्यक्रमहरु संचालन गरिनेछ।
- जलवायु परिवर्तन प्रभावका कारण यस प्रदेशको भूमिगत जलस्रोतमा भईरहेको ह्रासलाई न्यूनिकरण गर्न "Ground Water Recharge to Discharge"अवधारणालाई नाराको रुपमा मूर्तरुप दिईभूमिगत जलश्रोतको संरक्षण तथा पुनर्भरण कार्यलाई उच्च प्राथमिकतामा राखिने छ। वर्षातकोपानी संकलन तथासंरक्षण पोखरी निर्माण कार्यलाई विशेष ध्यान दिईने छ। भूमिगत जलस्रोतको अतिदोहनलाई निरुत्साहित गरिने छ।भूमिगत जलश्रोतको वैज्ञानिक उपयोगलाई प्रवर्द्धन गर्न भूमिगत जलश्रोतको अध्ययन तथा अनुसन्धान कार्य(Ground Water Mapping and Recharge Zoning) लाई प्राथमिकतामा राखिने छ।
- "व्यवस्थित जलाधार समृद्धिको आधार" भन्ने मर्म अनुरुप माथिल्लो तथा तल्लो तटीयक्षेत्र अन्तरसम्बन्धको आधारमा चुरे भू-परिधिको प्रभावकारी संरक्षण गर्न सरोकारवालासंगको समन्वय र सहकार्यमा एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन मार्फत जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलनका कार्यहरु गरिनेछ। प्रदेश भित्र रहेका नदीजन्य पदार्थ जस्तै बालुवा, गिट्टी सङ्कलन तथा उत्खननका साथै क्रसर उद्योग समतेलाई व्यवस्थित गर्न आवश्यक ऐन, कानून निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।
- सुख्खा ग्रस्त क्षेत्र घोषणा गरि आपतकालिन रुपमा वोरिङ्ग, डिप वोरिङ्ग, डिप टयुव वेल, स्यालो टयुववेल, सोलार पम्प सिंचाइ प्रविधी प्रयोग गरि सिंचाइ मांगलाई सम्बोधन गरिनेछ।

# कोशी बाढीको क्षति रोक्न उच्च सतर्कता



**टुडे समाचारदाता**

राजविराज । सप्तकोशी नदीको बहावमा उतारचढाव सुरु भएसँगै सुनसरी र सप्तरी जिल्लाका तटीय क्षेत्रमा उच्च सतर्कता अपनाइएको छ।

कुनै पनि बेला बढ्नसक्ने जलस्तरले निम्त्याउने विपद् लाई मध्यनजर गर्दै तटीय भेगका दुवै जिल्ला सुनसरी र सप्तरीले सतर्कतासहितको आवश्यक तयारी अघि बढाएको छ।

बाढी पूर्वतयारीलाई लिएर कोशी ब्यारेजमा दुवै जिल्लाका सुरक्षा निकायको उपस्थितिमा आकस्मिक बैठक समेत डाकिएको छ। सो बैठकले नदीमा आउनसक्ने बाढीको आँकलन गर्दै सूचना सम्प्रेषण र विपद् पूर्वतयारीको कार्यलाई तदारुकताका साथ बढाउने निर्णय गरेको छ।

बाढीसँगै कोशीमा डुंगा चलाउन र माछा मार्न स्थानीय प्रशासनले रोक भने लगाएको छ । बैठकले पानीको बहावसँगै आवश्यकता अनुसार ब्यारेजका ढोका खोल्न संयुक्त पहल गर्ने निर्णय समेत गरेको छ।

सप्तकोशीमा बहाव बढ्दै जाँदा सम्भावित जोखिम मानिएका स्परको सुरक्षामा प्रशासनले विशेष चासो दिएको छ। नेपाली पक्षको समन्वयमा सो क्षेत्रमा भारतीय पक्षले तारजाली र बालुवा भरिएका बोरा राख्ने काम जारी राखेको छ।

ब्यारेजमा सम्पन्न प्रजिअसहित सुरक्षा निकायको बैठकले सीमापार हुने अपराध र तस्करी नियन्त्रणका साथै तिब्र गतिका कारण राजमार्गमा हुने दुर्घटना न्यूनीकरणका सवालमा समेत सहकार्य गरेर अघि बढ्ने निर्णय गरेको छ।

सो टोलीले कोशी ब्यारेज नियन्त्रण कक्ष (कन्ट्रोल रुम) का साथै ब्यारेज पुलको संरचना र नदी तटीय क्षेत्रको निरीक्षण समेत गरेको छ । सप्तकोशी नदीमा केही दिन यता २ लाख क्युसेकको आसपास बहाव मापन हुँदै आएको छ।

सप्तकोशीको जलस्तर बढ्दा पछिल्ला केही वर्ष यता ब्यारेजका ५६ वटै ढोका खोलिँदै आइएको छ । भारतीय पक्षको नियन्त्रणमा रहेको ब्यारेजका ढोका खोल्न नेपाली पक्षले भारतसँग आग्रह गर्नुपर्ने हुन्छ।

# संविधान संशोधन आजको आवश्यकता : नेता केसी

**जनकपुरधाममा बुधबार नेपाल प्रेस युनियन धनुषाले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै नेता केसीले संविधानसभाबाट संविधान निर्माण भए पनि आजको आवश्यकता संविधान संशोधन गर्नु रहेको बताए ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीले नेपालको संविधान संशोधन गर्नु आवश्यक रहेको बताएका छन् ।

जनकपुरधाममा बुधबार नेपाल प्रेस युनियन धनुषाले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै नेता केसीले संविधानसभाबाट संविधान निर्माण भए पनि आजको आवश्यकता संविधान संशोधन गर्नु रहेको बताए।

उनले ०७२ सालमा जारी भएको संविधानले जनताको सर्वोच्चताको प्रतिनिधित्व गरेको भन्दै सो संविधान असफल भयो भने दुर्भाग्यपूर्ण अवस्था आउन सक्ने टिप्पणी गरे। उनले दुर्भाग्यपूर्ण स्थिति आउन नदिनका लागि पनि संविधान संशोधन गर्ने र मुलुकलाई निकास दिनेतर्फ सोच्नुपर्ने आवश्यकता रहेको बताए।

उनले कांग्रेस र नेकपा(एमाले)का बीचमा भएको पछिल्लो सहमतिले देशलाई स्थिर सरकार दिने भन्दै नेता केसीले आगामी सरकारले आर्थिक सुधारको गतिविधिलाई सामूहिक मिसनको रूपमा अघि बढाउनु पर्ने आवश्यकता रहेको बताए। उनले सरकार परिवर्तन केवल मन्त्री बनाउनका लागि मात्रै नभई जनतामा देखिएका नेताहरुप्रतिको असन्तुष्टिलाई सम्बोधन गर्नेगरी नयाँ गठबन्धनले काम गनुपर्ने सुझाव दिए।

नेता केसीले अहिले समानुपातिक निर्वाचन प्रणाली हटाइए पनि अहिले नै प्रदेश संरचना भने नहट्ने प्रस्ट पारे।




बरु समानुपातिक सिटका लागि निर्वाचन प्रणाली अनुसार निर्वाचन क्षेत्र तोकेर समानुपातिक तर्फलाई सुरक्षित गर्न सकिने र सोको लागि समेत बहस हुनुपर्ने उनले बताए। यसले सबै समुदाय, पहिचान र अधिकारको समेत सुनिश्चितता रहने उनको भनाइ छ।

कांग्रेस-माओवादीको गठबन्धन टुट्नुमा माओवादी अहंकार रहेको बताउँदै नेता केसीले अहिलेको एमाले-माओवादीको गठबन्धन टुट्नुमा पनि माओवादीकै अहंकार रहेकाले अहिलेको नयाँ गठबन्धन अर्थात कांग्रेस-एमालेको गठबन्धन बन्नुमा आन्तरिक राजनीतिक तथा घरेलु आवश्यकताले नै रहेको उनले दाबी गरे।

बिकास निर्माण तथा कृषि क्षेत्र, स्वास्थ्य क्षेत्र, शैक्षिक क्षेत्र असफल भएको देखिन्छ। यश क्षेत्रलाई प्राथमिक दिएको देखिएन। दृढतापुर्वक निदान गर्नु पर्ने देखिएको छ।

मुलुकको अर्थतन्त्र खस्केको छ, यसलाई उकास्नका लागि काम गर्नु पर्छ।

नेता केसीले संसद्को पहिलो र दोस्रो दल मिलेर सरकार बनाउँदै गर्दा संसद्को प्रतिपक्ष भूमिका कमजोर हुनसक्ने प्रश्न उठ्ने भन्दै प्रतिपक्षी दलहरूले प्रतिपक्षको सशक्त हैसियतलाई जीवन्त राख्न सक्नुपर्ने बताउनुभयो।

# पूर्व सांसद यादव जेल चलान

**कमलेश मण्डल**

जलेश्वर। महोत्तरीमा कार्यरत सशस्त्र प्रहरीका सहायक निरीक्षक थमन विकको हत्या आरोपमा पक्राउ परेका पूर्वमधेश प्रदेश सांसद कौशलकुमार यादवलाई महोत्तरी जिल्ला अदालतले पुर्पक्षका लागि जेल चलान गरेको छ।

मधेश आन्दोलनका क्रममा विसं २०७२ भदौं २५ गते विकको हत्या भएको थियो।

सो प्रकरणमा संलग्न भएको आरोपमा गत शनिबार पक्राउ परेका पूर्वसंविधानसभा सदस्यसमेत रहेका प्रदेश सांसद यादवलाई न्यायाधीश फनेश्वरी घिमिरेको एकल इजलासले बुधबार कर्तव्य ज्यान मुद्दामा पुर्पक्षका लागि जेल चलान गरेको छ। पूर्व सांसद यादवलाई आगजनी मुद्दामा पाँच हजार रुपैयाँ जरिवानासमेत गरिएको श्रेस्तेदार नुतन झाले जानकारी दिए।

यादव तत्कालीन मधेशी जनअधिकार फोरम नेपालबाट २०६४ सालको संविधानसभा निर्वाचनमा महोत्तरीको क्षेत्र नं ४ र २०७४ सालको निर्वाचनमा महोत्तरी निर्वाचन क्षेत्र नं ४ (क) बाट प्रदेशसभामा निर्वाचित भएका थिए।

महोत्तरीको पोखरभिन्डामा यादवले चलाइरहेको गाडी दुर्घटनामा परेको र दुर्घटनामा परेको गाडीसहित भाग्न खोज्दा



प्रहरीले यादवलाई नियन्त्रणमा लिएका थिए। लामो समय देखि यादव फरार थिए।

०७२ भदौं २५ गते सशस्त्र प्रहरी बल जिल्ला कमाण्ड पोस्ट सुरक्षा बेस क्याम्प जलेश्वर महोत्तरीमा कार्यरत सशस्त्र प्रहरी सहायक निरीक्षक थमन विकलाई मधेशी मोर्चाका कार्यकर्ताले नियन्त्रणमा लिई कुटपिट गर्दा मृत्यु भएको थियो।

जिल्ला अदालतले विसं २०८० मंसिर २८ गते सशस्त्र प्रहरी सहायक निरीक्षक विकको हत्या प्रकरणमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल प्रदेश सांसद अभिराम शर्मासहित सात जनालाई जन्मकैदको फैसला सुनाएको थियो। भने सोही मुद्दामा महोत्तरी क्षेत्र नं १ बाट निर्वाचित प्रतिनिधि सभा सांसद लक्ष्मी महतो कोइरी र पवन कापरलाई सफाइ दिएको थियो।

# जनकपुरधाममा आद्रा पर्व मनाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । तराई मधेशका किसानहरुले कृषिकर्म सुरु गरेको अवसरमा आद्रा महोत्सव मनाइएको छ।

तराई मधेश लोकतान्त्रिक पार्टीको भ्रातृ संगठन तराई मधेश महिला संघको आयोजनामा जनकपुरधाममा बुधबार आद्रा महोत्सव मनाइएको छ।

कृषिकर्ममा लागेका किसानहरुले आ-आफ्नो घरमा खीर, पुरी, आँप तथा जामुन खाएर आद्रा पर्व मनाउने चलन रहेकोमा आधुनिकतासँगै हराउन थालेपछि यसको संरक्षणका तराई मधेश महिला संघले भव्यतापूर्वक आद्रा महोत्सव मनाएको छ।

विगत केही वर्ष यता खेतीपातीप्रति नै जागरूकता नदेखिएका युवाहरूलाई आद्राको विषयमा विशेष जानकारीसहित कृषिकर्मप्रतिको जागरुकताका लागिसमेत आद्रा महोत्सवको आयोजना गरिएको तमलोपाका केन्द्रीय अध्यक्ष वृषेशचन्द्र लालले बताए।




## यस कारण मनाइन्छ आद्रा पर्व

कृषि कर्म र धर्मको लागि आद्रा नक्षत्र अत्यावश्यक नक्षत्र हो। यस नक्षत्रमा कृषकहरुले धान संस्कृतिमा आधारित कृषिकर्मको कार्यको प्रारम्भ गर्ने चलन रहेको छ।

यस नक्षत्रको अवनीमा अरणीले आद्रता प्रदान गर्दछ। यसबाट उर्जासमेत प्रदान हुने गर्दछ।

वर्षभरिका २८ वटै अश्विनी, भरणी, कृतिका, रोहिणी, मृगशिरा, आर्दा, पुनर्वसु, पुष्य, अश्लेषा, मघा, पुर्वा फाल्गुणी, उत्तरा फाल्गुणी, हस्त, चित्रा, स्वाति, विशाखा, अनुराधा, ज्येष्ठा, मुल, पुर्वाषाठा, उत्तराषाठा, श्रवण, घनिष्ठा, शतभिषा, पुर्वाभाद्रपद, उत्तराभाद्रपद, रेवतीर अभिजीत नक्षत्र रहेका छन्।

यी नक्षत्रहरुमा पारम्परिक संस्कृतिको रुपमा प्रत्येक घर घरमा रहेका कुलदेवी/कुलदेवताहरुको सामाजिक, सांस्कृतिक, धार्निक तथा पारम्परिक भावनाहरुसंग नैतिक तथा कर्तव्यमुखी अनुशासनमा सम्वद्धताका लागि श्रद्धापुर्वक पुजन गर्ने परम्परा रहेको छ।

आद्रा नक्षत्रको प्रथम तीन दिन अवनीको रजस्वला हुने गरेकोले सो दिनहरु खनजोत नगर्ने परम्परा समेत रहेको छ। यस नक्षत्रमा अवनी-अरणी-आदित्यको सुसंगत रहेको छ। यो नक्षत्रलाई जीवनदायिनी नक्षत्र पनि भनिन्छ। यसमा सुर्यको गतिमा परिवर्तन हुन्छ। यो शब्द संस्कृतको शब्द हुन र यसको अधिपति भगवान शिवको रुद्र रुप हो। यो नक्षत्रलाई शिष्ट र कुलीन मानिन्छ। यो नक्षत्र मिथुन राशिमा ६ अंश ४० कला देखि २० अंशसम्म रहन्छ।

१२ महिनाको २८ वटा नक्षत्रमा चन्द्रमा र सुर्यको बराबर गरी समायोजन रहेको छ।

चन्द्रमाका १४ नक्षत्रहरु मध्ये अश्वनी, भरनी, कृतिका, रोहिणी, आद्रा, पुनर्वसु, पुष्य, अश्लेषा, पुर्वा भाद्रपदा, माघा, पुर्वाषाठा, उत्तराषाढा, उत्तर भाद्रपदा, रेवती रहेका छन्।

त्यस्तै सुर्यका १४ नक्षत्रहरु समेत रहेका छन्। ती नक्षत्रहरु मृगसरा, हस्त, चित्रा, श्वाती, विशाखा, अनुराधा, ज्येष्ठा, मुल, श्रवणा, धनिष्ठा, शतभिषा, अभिजीत रहेका छन्।

प्रायःआषाढको दोस्रो सातादेखि चौथो सातासम्म सो आद्रा रहने गरेको छ। यस वर्ष असार ८ गते २०८१ शनिबार विहान ९.१५ बजे प्रारम्भ भई अन्त्य असार २२ गते हुनेछ।

# अधिकांश बालबालिका विद्यालय पहुँचभन्दा बाहिर



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा अझै पनि बालबालिकाहरु विद्यालय पहुँचभन्दा बाहिर रहेको पाइएको छ।

गरिबी, अशिक्षा, जनचेतनाको अभाव, महँगीलगायत विभिन्न सामाजिक तथा व्यक्तिगत कारणले गर्दा लाखौँको संख्यामा बालबालिका विद्यार्थीहरु विद्यालयको पहुँचभन्दा टाढा रहेको देखिएको छ।

तर सो सम्बन्धी यकिन तथ्यांक नहुँदा संख्यात्मकरुपमा भन्न सक्ने अवस्था नरहेको आसमान नेपालका कार्यक्रम व्यवस्थापक मणिराम आचार्यले जानकारी दिए।

जनकपुरधाममा बुधबार बालश्रम अन्त्यका लागि संचारकर्मीहरुसंग गरेको अन्तरक्रिया कार्यक्रममा आचार्यले मधेश प्रदेशमा विद्यालय बाहिर भएका बालबालिकाहरूलाई विद्यालय पठाउन सकेको खण्डमा बाल श्रमिकको संख्यामा आफै कमी आउने बताए।

सन् २०२१ को तथ्यांक अनुसार बालश्रमिकहरु मध्ये शहरी क्षेत्रमा पौने दुई लाख भन्दा बढी बालबालिका विद्यार्थीहरु विद्यालय बाहिर रहेको परियोजना संयोजक दीपेन्द्र तिवारीले बताए।

मधेश प्रदेशका जिल्लाहरूमा विद्यालय जाने उमेर समूहका बालबालिकाको संख्या १४ लाख ९८ हजार रहेको जानकारी दिँदै बालश्रममा लागेकाहरूलाई कसरी विद्यालय पठाउने त्यो चुनौतीपूर्ण रहेको आसमानका सुशासन सल्लाहकार एवं पूर्व स्थानीय विकास अधिकारी गुरु सुवेदीले बताए।

उनले बालश्रममा कमी ल्याउनका लागि बालमैत्री स्थानीय शासन आवश्यक भएको बताउँदै त्यसका लागि योजना सहितको बालबालिकाको क्षेत्रमा लगानी गर्न जरुरी रहेको बताए।

# मटिहानीका लालपुर्जा वितरण




**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको मटिहानी नगरपालिकाले ३८ परिवारलाई गाउँब्लक जग्गाको लालपुर्जा वितरण गरेको छ।

मटिहानीमा बुधबार एक कार्यक्रमबीच नापी कार्यालय जलेश्वर र मटिहानी नगरपालिकाले लालपुर्जा मटिहानी- ३ स्थित बरदाहाका गाउँब्लकका जग्गा स्थानीयलाई वितरण गरेको छ । ३८ जना ब्यक्तिको नाममा जग्गाधानी पुर्जा बितरण गरिएको मेयर हरिप्रसाद मण्डलले जनाएका छन्।

नापी कार्यालय जलेश्वरले दिएको जानकारी अनुसार २०६५/०६६ देखि जग्गाको लाल पुर्जाको लागि प्रक्रिया अघि बढेको थियो।

मटिहानी-२ का १ सय ५६ परीवारको जग्गा धनीपुर्जा वितरणको अन्तिम तयारी भइरहेकाले छिट्टै उक्त पुर्जा वितरण गरिने नापी कार्यालय प्रमुख राम विनय सिंहले बताए।

# बाँदर नियन्त्रणको माग गर्दै किसानद्वारा प्रदर्शन

**टुडे समाचारदाता**

रौतहट । बाँदर नियन्त्रणको माग गर्दै रौतहटको गरुडा नगरपालिकामा किसानहरु आन्दोलित भएका छन्।

बाँदरले बाली खाइदिने तथा बाली उत्पादन नै हुन नदिने भन्दै बुझाएका छन्।

स्थानीय दीपक कुमार यादवको नेतृत्वमा किसानहरुले बाँदरलाई नियन्त्रण गर्न माग गर्दै मेयर कन्थमनी प्रसाद जयसवाललाई ज्ञापनपत्र बुझाएका छन्।




बाँदरको नियन्त्रण गर्न माग गर्दै किसानले गरुडा बजारमा प्रदर्शन गरेका छन्।

बाँदर नियन्त्रणका लागि किसानहरुले मंगलबार गरुडा नगरपालिकामा ज्ञापनपत्र समेत बुझाएका छन्।

बाँदरले खेतबारीमा फल्दै गरेको मकै लगायतका बालीनाली मात्र होइन, मान्छे नभएको मौकामा घरभित्रै पसेर अन्नपातसमेत नास गर्ने गरेको किसानको गुनासो छ।

# कांग्रेस-एमालेको सहमतिले निकास पाउँछ : डा.कोइराला



**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले कांग्रेस र एमालेबीच भएको सहमतिले मुलुकले निकास पाउने दाबी गरेका छन्।

वीरगञ्जमा बुधबार आयोजित कार्यकर्ता भेलालाई सम्बोधन गर्दै नेता डा. कोइरालाले कांग्रेस र एमालेबीचको सहकार्यले मुलुकलाई स्थिरता र समृद्धितर्फ अगाडि बढाउने विश्वाससमेत व्यक्त गरे।

उनले कांग्रेस सधैं सहमति, सहकार्य र एकताको राजनीतिमा दृढ रहेको बताए । मुलुकको राजनीति सधैं अस्थिरता र अन्योलपूर्ण बन्दै गएको अवस्थामा मुलुकका प्रमुख राजनीतिक शक्ति मिल्नु सुखद रहेको उनले बताए।

स्थानीयस्तरमा नेता तथा कार्यकर्ताहरूले अब विगतमा भएका तिक्ततालाई छोडेर एकजुट भएर अघि बढ्नुको विकल्प नरहेको उनले बताए । उनले अब गठन हुने नयाँ सरकार दुई तिहाइको बहुमतको बन्ने पनि दाबी गरे । अबको सरकारले अस्थिर राजनीतिको अन्त्यको लागि संविधान संशोधन गरेर मुलुकलाई निकास दिने उनको विश्वास थियो।

**सूचना ! सूचना !! सूचना !!!**

नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ धनुषाको १९ औ साधारण सभा निम्न मिति र स्थानमा हुने भएकोले सम्पुर्ण पुस्तक तथा स्टेशनरी व्यवसायीहरु अनिर्वाय उपस्थिती भई भव्य रुपले सफल बनाई दिनु हुन यहि सूचना मार्फत हार्दिक अनुरोध गर्दछौं।

स्थान : नेपाल वार एशोसिएशन सभागृह, जनकपुरधाम ।
मिति : २०८१/३/२२ शनिबार
समय : विहान ९ बजे ।

प्रेम चन्द्र शिवहरे, सचिव
सरोज कुमार चौधरी, अध्यक्ष

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८